जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ | •अंक ५० | • २०८३ साल आषाढ २५ गते बिहीबार (9 July, Thursday, 2026) | •पृष्ठ ४ | •मूल्य रु. ५।-

## भुटानी शरणार्थी प्रकरणः
# पूर्वउपप्रधानमन्त्री, पूर्वगृहमन्त्री, पूर्वगृहसचिव दोषी ठहर

**टुडे समाचारदाता**

काठमाण्डु । काठमाण्डु जिल्ला अदालतले नक्कली भुटानी शरणार्थी प्रकरणमा पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाँण, पूर्वगृहसचिव टेकनारायण पाण्डे सहित १५ जनालाई विभिन्न कसुरमा दोषी ठहर गर्दै फैसला गरेको छ।

न्यायाधीश तेजबहादुर खड्काको इजलासले मंगलबार उनीहरूलाई दोषी ठहर गर्दै सजाय निर्धारणका लागि पेश गर्न फैसला गरेको जिल्ला अदालतका सूचना अधिकारी शिव खतिवडाले जानकारी दिए।

२०८० जेठ १० गते पूर्वउपप्रधानमन्त्री रायमाझी, पूर्वगृहमन्त्री खाँण, पूर्वगृहसचिव पाण्डे सहित ३० जनाविरूद्ध ठगी, लिखत किर्ते, राज्यविरूद्धको अपराध र संगठित अपराधसम्बन्धी कसुर लगाउँदै सरकारी वकिलले मुद्दा दायर गरेको थियो।

सूचना अधिकारी खतिवडाले उपलब्ध गराएको फैसलाको पूर्ण पाठ अनुसार ७ जना प्रतिवादीले सफाइ पाएका छन्।

सफाइ पाउनेमा रामशरण केसी, टंककुमार गुरूङ, सन्दीप रायमाझी, प्रतीक थापा, लक्ष्मी महर्जन, केशव तुलाधर र आशिष बुढाथोकी छन्।

प्रतिवादीहरूमध्ये पूर्वउपप्रधानमन्त्री रायमाझीलाई राज्यविरूद्धको कसुर, ठगी तथा संगठित अपराधमा जिल्ला अदालतले दोषी ठहर गरेको छ। पूर्वगृहमन्त्री खाँडलाई यिनै कसुरमा मतियार ठहर गरिएको छ।

पूर्वगृहसचिव पाण्डेलाई ठगी, संगठित अपराध र राज्यविरूद्धको कसुरमा दोषी ठहर गरिएको जिल्ला अदालतको फैसलामा उल्लेख छ।

त्यस्तै भुटानी शरणार्थी नेता टेकनाथ रिजाललाई सरकारी लिखत कीर्ते गरेको, ठगी तथा संगठित अपराधको कसुरमा मतियार बनेको र राज्यविरूद्धको कसुरमा पनि मतियार बनेको भन्दै दोषी ठहर गरिएको छ।

जिल्ला अदालतले भुटानी शरणार्थी प्रकरणमा मुख्य योजनाकार भनिएका सानु भण्डारी र केशव दुलाललाई पनि सरकारी लिखत कीर्ते, ठगी तथा संगठित अपराध र राज्यविरूद्धको कसुरमा दोषी ठहर गरेको छ।

यसबाहेक दोषी र मतियार ठहर हुनेहरूमा सागर राई, सन्देश शर्मा, डा. इन्द्रजित राई, विक्रम भन्ने गोविन्द कुमार चौधरी, आङटावा शेर्पा, नरेन्द्र केसी, शमशेर मिया, हरिभक्त महर्जन र निरञ्जन कुमार खरेल छन्।

अन्य ८ जना प्रतिवादी अहिलेसम्म फरार रहेकाले उनीहरूको हकमा मुद्दा मुल्तवीमा राखिएको जनाइएको छ।

## मधेशका किसानलाई मलको पीडा
# मल लिएर नेपाल आउँदै गर्दा भारतमा दुई नेपाली पक्राउ, धरौटीमा रिहा

**टुडे समाचारदाता**

जनकपुरधाम। संघीय सरकारले यसपटक किसानलाई खेती गर्नका लागि मलको अभाव नहुने दाबी गरिरहँदा मधेश प्रदेशमा भने मलको आपूर्ति सरकारले कहाँ कति गरेको छ भन्ने कुराको पुष्टि गर्दै उजागर गरेको छ। जेन- जी आन्दोलनबाट उदाएको बालेन्द्र साह नेतृत्वको सरकारले मलको अभावन नहुने दाबी गर्ने क्रममा आफ्नो बजारमा मल नपाउँदा भारतबाट मल खरिद ल्याउने क्रममा दुई जना नेपालीलाई पक्राउ गरी मुद्दासमेत चलाएको छ। तर सरकार भने अझै पनि किसानको पीडा र मल आपूर्तिप्रति अचेत नै रहेको टिप्पणी हुन थालेको छ।

भारतबाट रासायनिक मल लिएर नेपाल फर्किंदै गरेका सर्लाहीका दुई जना नेपाली नागरिकलाई भारतीय सुरक्षाकर्मीले पक्राउ गरेका छन्। भारतको बिहार राज्यस्थित सीमावर्ती बजार सोनवर्षाबाट रासायनिक मल खरिद गरी नेपाल ल्याउने क्रममा उनीहरूलाई भारतीय सशस्त्र सीमा बल (एसएसबी) ले नियन्त्रणमा लिएर स्थानीय प्रहरीको जिम्मा लगाएको छ।

पक्राउ परेका व्यक्तिहरू सर्लाहीको बलरा नगरपालिका-५ निवासी नागेन्द्रप्रसाद सिंह र सुरेशप्रसाद सिंह रहेको सर्लाही प्रहरीले जनाएको छ। उनीहरू करिब ६ दिनअघि पक्राउ परेका थिए।

सोनवर्षा थानाका प्रमुख इन्स्पेक्टर धर्मेन्द्र कुमारका अनुसार सिंहद्वय आठ बोरा रासायनिक मल नेपालतर्फ लैजाँदै गरेका बेला एसएसबीले नियन्त्रणमा लिएको थियो। प्रारम्भिक अनुसन्धानपछि उनीहरूलाई आवश्यक कानुनी कारबाहीका लागि नेपाल प्रहरीको जिम्मा लगाइएको उनले बताए।

इन्स्पेक्टर कुमारले दिएको जानकारी अनुसार भारतको प्रचलित कानुन अनुसार आवश्यक प्रक्रिया पूरा नगरी सीमापार मल लैजान खोजिएकाले उनीहरूमाथि कारबाही अघि बढाइएको छ। पक्राउपछि उनीहरूलाई



स्थानीय अदालतमा उपस्थित गराइएको छ भने मुद्दाको सुनुवाइ प्रक्रिया जारी रहेको प्रहरीले जनाएको छ।

उता जिल्ला प्रशासन कार्यालय सर्लाहीले पनि घटनाबारे जानकारी प्राप्त भएको जनाएको छ। सर्लाहीका सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद अधिकारीका अनुसार भारतीय अदालतमा कानुनी प्रक्रिया चलिरहेको छ। हालसम्म प्राप्त सूचनाअनुसार दुवै जना धरौटीमा रिहा हुने सम्भावना रहेको उनले बताए।

यस घटनापछि स्थानीय तहका जनप्रतिनिधिले भने पक्राउ परेकाहरूलाई व्यावसायिक तस्करका रूपमा चित्रण गर्न नहुने धारणा व्यक्त गरेका छन्। बलरा नगरपालिका-५ का वडाध्यक्ष मनोजमोहन कुमार सिंहका अनुसार उनीहरूले आफ्नै खेतबारीमा प्रयोग गर्नका लागि रासायनिक मल खरिद गरेका थिए।

वडाध्यक्ष सिंहले किसानले आफ्नै कृषि प्रयोजनका लागि मल ल्याएको दाबी गर्दै सरकारले समयमा र पर्याप्त मात्रामा मल उपलब्ध गराउन नसक्दा सीमावर्ती क्षेत्रका किसान भारतीय बजारमा निर्भर हुन बाध्य भएको बताए। उनका अनुसार किसानहरू मल अभावका कारण खेतीपातीको समयमा ठूलो समस्यामा परिरहेका छन्।

उनले मधेश प्रदेशमा अहिले रासायनिक मल र वर्षा दुवैको अभाव रहेको उल्लेख गर्दै यस्तो अवस्था कायम रहे गत वर्षजस्तै खडेरीको जोखिम बढ्ने चेतावनी दिए। धान रोपाइँको मुख्य समयमा किसानले आवश्यक मल नपाउँदा कृषि उत्पादनमा प्रत्यक्ष असर पर्ने सम्भावना रहेको उनको भनाइ छ।

नेपाल-भारत खुला सीमाका कारण सीमावर्ती क्षेत्रका नागरिक दैनिक उपभोगका सामग्री खरिद गर्न दुवै देश आवतजावत गर्ने गर्छन्। तर रासायनिक मलजस्ता कृषि सामग्री सीमापार ओसारपसार गर्दा सम्बन्धित देशका भन्सार तथा निर्यात-आयातसम्बन्धी कानुनी प्रक्रिया पालना गर्नुपर्ने व्यवस्था छ। प्रक्रिया पूरा नगरी ठूलो परिमाणमा मल लैजाँदा तस्करी वा अवैध ओसारपसारको आरोप लाग्न सक्ने भएकाले यस्ता घटना बेला-बेलामा दोहोरिने गरेका छन्।

यस घटनाले नेपालमा वर्षेनी दोहोरिने रासायनिक मलको अभाव, सीमावर्ती किसानको बाध्यता तथा कृषि सामग्रीको सहज आपूर्तिमा देखिएको कमजोरीलाई पुनः उजागर गरेको छ। किसानका आवश्यकता समयमा सम्बोधन हुन नसके उनीहरू वैकल्पिक उपाय खोज्न बाध्य हुने अवस्था सिर्जना हुने र त्यसले कानुनी जटिलता समेत निम्त्याउने देखिन्छ।

प्रत्येक वर्ष सयौं विघा खेत मल र सिचाइँ अभावले खेत बाँझै रहने गरेको छ। आकाशे पानीको भर र कालोबजारबाट खरिद गरी ल्याएको मल प्रयोग गरी खेती गर्दै आएका किसानको पीडा बुझिदिने सरकार नहुँदा सास्ती भोग्दै आएको स्थानीय किसान रामउद्गार महतोले गुनासो गरे।

# अतिक्रमित गुठी जग्गा संरक्षणका लागि ९ सदस्यीय कार्यान्वयन समिति गठन

**टुडे समाचारदाता**

जनकपुरधाम। भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बृहत्तर जनकपुरधाम क्षेत्रभित्र रहेका गुठी जग्गा, ऐतिहासिक पोखरी, पोखरीका डिल तथा रामजानकी मन्दिरलगायतका धार्मिक तथा सांस्कृतिक सम्पत्तिमा भएको अतिक्रमण हटाइ संरक्षण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि ९ सदस्यीय कार्यान्वयन समिति गठन गरेको जनाएको छ।



मन्त्रालयले विगतमा विभिन्न अध्ययन, उच्चस्तरीय कार्यदल तथा आयोगले दिएका सुझावलाई व्यवहारमा कार्यान्वयन गर्ने उद्देश्यले उक्त समिति गठन गरिएको जनाएको छ। विशेषगरी जनकपुरधाम उपमहानगरपालिका क्षेत्रभित्र रहेका गुठी सम्पत्तिको संरक्षण, व्यवस्थापन

> समितिले उच्चस्तरीय कार्यदलको २०६२ सालको प्रतिवेदन, सरकारी, सार्वजनिक तथा गुठी जग्गा संरक्षणसम्बन्धी जाँचबुझ आयोग-२०७६ को प्रतिवेदन तथा गुठी जग्गासम्बन्धी अन्य अध्ययन प्रतिवेदनमा उल्लेख गरिएका सिफारिसहरु कार्यान्वयन गर्नेछ ।

तथा अतिक्रमण नियन्त्रणका लागि समितिलाई स्पष्ट कार्यादिशसमेत प्रदान गरिएको छ।

गुठी संस्थान, प्रधान कार्यालयका गुठी प्रशासक ध्रुव घिमिरेको संयोजकत्वमा गठित समितिमा जिल्ला प्रशासन कार्यालय धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समिति धनुषाका जिल्ला समन्वय अधिकारी, भूमि व्यवस्थापन तथा अभिलेख विभागका निर्देशक, भूमि प्रशासन कार्यालय धनुषाका प्रमुख भूमि प्रशासन अधिकृत, नापी कार्यालय धनुषाका प्रमुख नापी अधिकृत तथा गुठी संस्थान शाखा कार्यालय धनुषाका प्रमुखलगायत सम्बन्धित निकायका प्रतिनिधिहरू सदस्य रहेका छन्।

समितिलाई बृहत्तर जनकपुर क्षेत्रअन्तर्गत रहेको रामजानकी मन्दिर, अन्य प्रमुख मठ-मन्दिर, ऐतिहासिक पोखरी, पोखरीका डिल तथा गुठी स्वामित्वका जग्गामा भएको अतिक्रमण पहिचान गरी हटाउने, संरक्षण गर्ने र दीर्घकालीन व्यवस्थापन सुनिश्चित गर्ने जिम्मेवारी दिइएको मन्त्रालयले जनाएको छ।

उक्त समितिले उच्चस्तरीय कार्यदलको २०६२ सालको प्रतिवेदन, सरकारी, सार्वजनिक तथा गुठी जग्गा संरक्षणसम्बन्धी जाँचबुझ आयोग-२०७६ को प्रतिवेदन तथा गुठी जग्गासम्बन्धी अन्य अध्ययन प्रतिवेदनमा उल्लेख गरिएका सिफारिसहरू कार्यान्वयन गर्नेछ।

कार्ययोजना अनुसार मन्दिर परिसर, पोखरी तथा पोखरीका डिलमा भएका अतिक्रमणको रेखांकन गरी सम्बन्धित व्यक्तिलाई सात दिनभित्र स्वेच्छाले संरचना हटाई जग्गा खाली गर्न सूचना जारी गरिनेछ। त्यसैगरी अन्य गुठी जग्गामा घर, टहरा वा अन्य संरचना निर्माण गरी बसोबास वा प्रयोग भइरहेको क्षेत्रको पहिचान गरी सम्बन्धित व्यक्तिलाई १५ दिनभित्र अतिक्रमण हटाउन निर्देशन दिइनेछ।

यदि तोकिएको अवधिभित्र अतिक्रमण हटाइएन भने जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धित स्थानीय तहको समन्वयमा थप १५ दिनभित्र कानुनबमोजिम अतिक्रमण हटाउने प्रक्रिया अघि बढाइने मन्त्रालयले स्पष्ट गरेको छ।

अतिक्रमण हटाउने कार्य सम्पन्न भएपछि समितिले सम्पूर्ण प्रगति विवरणसहित १५ दिनभित्र मन्त्रालयमा प्रतिवेदन बुझाउनुपर्ने व्यवस्था गरिएको छ। सो प्रतिवेदनका आधारमा आगामी संरक्षण, व्यवस्थापन तथा आवश्यक कानुनी तथा प्रशासनिक कदमसमेत अघि बढाइने मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार समिति गठनसंगै विगतका अध्ययन, आयोग तथा कार्यदलले दिएका सुझावलाई व्यवहारमा उतार्ने प्रक्रिया तीव्र हुनेछ। यसबाट जनकपुर क्षेत्रका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वका गुठी सम्पत्तिको संरक्षण, व्यवस्थापन र सार्वजनिक उपयोगलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ।

स्थानीय सरोकारवालाले पनि गुठी जग्गा तथा धार्मिक सम्पदिमा वर्षौंदेखि हुँदै आएको अतिक्रमण नियन्त्रणका लागि सरकारले थालेको यो पहल प्रभावकारी रूपमा कार्यान्वयन भएमा जनकपुरधामको ऐतिहासिक तथा सांस्कृतिक सम्पदा संरक्षणमा महत्वपूर्ण उपलब्धि हासिल हुने विश्वास व्यक्त गरेका छन्।

# गोविन्द कार्की मुख्यसचिव नियुक्त

**टुडे समाचारदाता**

जनकपुरधाम। बालेन्द्र साह नेतृत्वको सरकारले गोविन्द बहादुर कार्कीलाई मुख्यसचिव नियुक्त गरेको छ।

बुधबार बसेको मन्त्रिपरिषद् बैठकले कार्कीलाई मुख्यसचिवमा नियुक्त गरेको सरकारका प्रवक्ता समेत रहेका शिक्षामन्त्री सस्मित पोखरेलले जानकारी दिए।

वर्तमान मुख्यसचिव सुमनराज अर्याल असार २६ गते अनिवार्य अवकासमा जाने भएपछि सरकारले नयाँ नियुक्ति गरेको छ। मुख्यसचिव नियुक्त रहेका कार्की हाल प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा कार्यरत रहँदै आएका थिए।


त्यस्तै मन्त्रिपरिषद् बैठकबाट गरिएको ८ बुँदै निर्णयसमेत सार्वजनिक गरेको छ। सरकारका प्रवक्ता समेत रहेका शिक्षा मन्त्री सस्मित पोखरेलले बुधबार बसेको मन्त्रिपरिषद् बैठकमा ८ निर्णय सार्वजनिक गरेका छन्।

बैठकले काठमाण्डु उपत्यका विकास प्राधिकरणको विकास आयुक्त पदमा सुरज शाक्यलाई नियुक्त गर्ने निर्णय गरेको छ।

गेटा अस्पताल, कैलालीलाई शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको शिक्षण अस्पतालको रूपमा सञ्चालन गर्न स्वीकृति प्रदान गर्ने,विदेशी शैक्षिक कार्यक्रम (सञ्चालन र नियमन) नियमावली, २०८३ स्वीकृत गर्ने,शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३ स्वीकृत गर्ने निर्णय समेत बैठकले गरेको मन्त्री पोखरेलले बताए।

कारागारनियमावली,२०८३,मानव अधिकारसम्बन्धी छैटौं राष्ट्रिय कार्ययोजना (२०८३/०८४-२०८७/८८), भ्रष्टाचार विरूद्धको दोस्रो राष्ट्रिय रणनीतिक योजना (२०८२।८३-२०८७।८८) स्वीकृत गर्ने निर्णय मन्त्रिपरिषद् बैठकले गरेको मन्त्री पोखरेलले बताएका छन्।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# सञ्चारकर्मीलाई नरोक

जेन- जी आन्दोलनपछि नेपालको राजनीतिक क्षेत्रमा व्यापक परिवर्तन भएको छ। पुराना दलहरुले नेतृत्व गरेको सरकार बर्खास्त भएर नयाँ दुई तिहाइ नजिकको बहुमत भएको सरकार छ । देशमा पहिलो पटक मूल मधेशी समुदायबाट प्रधानमन्त्री बनेको छ । देशमा सुशासन र विकासमा सरकारले बढी जोड दिएको छ । सुशासन कायम गर्न सरकारले केही सकारात्मक कार्यहरु गरेका छन् । तर त्योसंगै नकारात्मक कार्य पनि सरकारी पक्षबाट बढेको छ। सुशासन स्थापित गर्न सरकारले कयौं पुराना, पद्धतिहरुलाई विस्थापित गरेको छ । नयाँ सरकारमा नयाँ सोच भएका युवाहरु सांसद बनेका छन् । उनीहरुमा काम गर्ने नयाँ सोच र उत्साह छ । तीन दशक बढी शासन गरेका पुराना दलहरुलाई विस्थापित गर्दै मतदाताहरुले राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का युवा उम्मेदवारहरुमा विश्वास व्यक्त गरे । प्रतिनिधि सभाका सदस्यहरु मध्ये धेरैले सञ्चारकर्ममा लागेकाहरु छन् । कतिपय त सञ्चारकर्मबाट नै ख्याति पाएका छन् । रास्वपाका राष्ट्रिय अध्यक्ष समेत रहेका सांसद रवि लामिछाने स्वयं सञ्चारकर्मबाट राजनीतिमा आएका हुन् । सञ्चारकर्मी रहिसकेकाहरुलाई सञ्चार क्षेत्रको विषयमा स्वभाविक रुपमा बढी जानकारी हुन्छ। सञ्चारकर्मीहरुले के गर्ने ? र के नगर्ने ? बारे उनीहरुलाई ज्ञात हुनुपर्छ । सञ्चार क्षेत्रबाट ख्याति कमाएर आएका रास्वपाका नेताहरु अहिले सञ्चार क्षेत्रप्रति आवश्यकता भन्दा बढी नै अनुदार देखिएका छन् । कुनै पनि क्षेत्रबाट नीति निर्माण तहमा प्रतिनिधित्व गर्नेहरुप्रति सम्बन्धित क्षेत्रका व्यक्तिहरु उत्साहित हुन्छन् । नीति निर्माणमा रहेका व्यक्तिहरुले आफू संलग्न रहेका अथवा आफ्नो कर्मक्षेत्र रहेकोलाई प्राथमिकतामा राखेर काम गर्छन् । त्यसको दुईवटा कारण मानिन्छ । पहिलो त उनी सम्बन्धित क्षेत्रको जानकार हुन् र दोस्रो उनले आफ्नो कर्मक्षेत्रलाई अझ बढी राम्रो बनाउने चाहना राखेका हुन्छन् । तर सञ्चार क्षेत्रबाट संसद अथवा सरकारमा रहेकाहरु अस्वभाविक रुपमा सञ्चार क्षेत्रलाई संकुचित बनाउन उद्यत छन् । पारदर्शीतालाई उच्च प्राथमिकतामा राखेको सार्वजनिक रुपमा अभिव्यक्ति दिनेहरुले सञ्चारकर्मीहरुको पहुँचमा व्यवधान खडा गर्नु उचित होइन । सञ्चारकर्मीहरुलाई हरेक सार्वजनिक महत्वका स्थान र विषयसम्म स्वभाविक पहुँचलाई सहज बनाउनु पर्छ। सञ्चारकर्मीहरुलाई रोकेर गोपनियता कायम गर्न सकिन्छ भने भ्रम पाल्नु हुँदैन। सार्वजनिक चासो र राष्ट्रहितको सवालमा भ्रम सृजना गर्ने वातावरण प्रतिनिधि सभा अथवा सरकारले गर्न हुँदैन। सुशासनका लागि पारदर्शीता र पारदर्शीताका लागि सञ्चारकर्मीहरुको पहुँच आवश्यक छ । सञ्चारकर्मीहरुले राष्ट्रहित प्रतिकूल कुनै काम गर्न हुँदैन । सञ्चारकर्मीहरुको कारण देशहित विपरीत कार्य भएको हालसम्म देखिएको छैन। त्यसकारण राष्ट्रियहितको विषय अथवा अन्य कुनै त्यस्ता कारणहरु देखाएर सञ्चारकर्मीहरुको पहुँचमा रोक लगाउन हुँदैन । सञ्चारकर्मीलाई काम गर्न सहज वातावरण बनाइदिने जिम्मेवारी प्रतिनिधि सभा र सरकारको पनि हो ।

# धनीलाई बढी कर लगाउँदा मार पर्छ गरिबलाई, किन ?



● सुवास चन्द्र ढुंगाना

'धनी र ठूला व्यापारीलाई कर थुपारिदिए देशको ढुकुटी भरिन्छ र त्यो पैसाले गरिबको भलो गर्न सकिन्छ !'

यो सुन्दा जति प्रिय र न्यायसंगत लाग्छ, अर्थशास्त्रको आँखाले हेर्दा यसको वास्तविकता ठीक विपरीत देखिन्छ। धनी र कर्पोरेट क्षेत्रमाथि लगाइने अत्यधिक करको भार घुमिफिरी समाजको सबैभन्दा तल्लो वर्ग अर्थात् सर्वसाधारणकै टाउकोमा गएर बज्रिन्छ ।

किनभने जब राज्यले करका दरहरू अस्वाभाविक रूपमा बढाउँछ, ठूला व्यापारी र लगानीकर्ताले तुरुन्तै विकल्प खोज्न थाल्छन् । तर विकल्प खोज्ने त्यो हैसियत र सुविधा समाजको त्यो तल्लो वर्गसँग कहिल्यै हुँदैन ।

### सीमित स्रोत, असीमित सपना र 'दुर्लभता' को सिद्धान्त

यसलाई बुझ्न सबभन्दा पहिले हामीले स्रोतको सीमितता र दुर्लभताको नियम हेर्नुपर्छ । मानवका चाहना र सपनाहरू असीमित छन्, तर ती सपना पूरा गर्ने पैसा, समय, जमिन र प्राकृतिक स्रोत जस्ता साधनहरू भने एकदमै सीमित छन् ।

संसारमा सबै कुरा सबैलाई पुग्ने गरी पर्याप्त हुन्थ्यो भने सायद यो अर्थशास्त्र भन्ने विषयको जन्म नै हुने थिएन। साधन सीमित भएकै कारण हामीले एउटा कुरा रोज्दा अर्को कुरा त्याग्नुपर्ने हुन्छ, जसलाई अर्थशास्त्रको भाषामा दुर्लभताको सिद्धान्त भनिन्छ ।

बेलायती अर्थशास्त्री लियोनेल रोबिन्सले पनि अर्थशास्त्रलाई वैकल्पिक प्रयोगहरू भएका दुर्लभ साधनहरू र मानव व्यवहारबीचको सम्बन्धको राम्रोसँग व्याख्या गरेका छन् ।

उनको भनाइ छ– अर्थशास्त्र भनेको वैकल्पिक प्रयोगहरू भएका दुर्लभ साधनहरू र मानव व्यवहारबीचको सम्बन्धको अध्ययन हो ।

जमिन र प्राकृतिक स्रोतको चरम अभाव भएको सिंगापुरले आफ्नो यही सीमिततालाई अवसरमा बदल्यो। भौतिक वस्तु उत्पादनमा अल्झिनुको साटो उसले मानव पुँजी र वित्तीय सेवामा ध्यान दियो र आज विश्वकै अग्रणी अर्थतन्त्र बन्यो ।

तर ठीक समयमा सही विकल्प रोज्न नसक्दा नेपालले सन् २००८ देखि २०१६ सम्म भोगेको चरम लोडसेडिङका कारण हाम्रो कुल गार्हस्थ्य उत्पादनमा वार्षिक करिब ६ प्रतिशतको घाटा भयो, जसले हाम्रो समृद्धि नै खुम्च्याइदियो । जब सरकारले उद्योग र उत्पादन बढाउने विकल्प छाडेर केवल करको दर बढाउने सजिलो बाटो रोज्छ, तब बजारमा अर्को एउटा अनौठो खेल शुरू हुन्छ ।

### करको दर र राजस्व वृद्धिबीचको भ्रम

हामीलाई लाग्छ, करको दर जति बढायो, सरकारको कमाइ उति नै धेरै हुन्छ। अर्थशास्त्री आर्थर लाफरले प्रतिपादन गरेको 'लाफर कर्भ' ले यो भन्छ कि करको दर शून्य हुँदा राजस्व शून्य हुन्छ र करको दर शतप्रतिशत पुर्‍याउँदा पनि मानिसहरूले काम गर्न छाड्ने वा कर छल्ने भएकाले राजस्व शून्य नै हुन्छ ।

यसको अर्थ, करको दर एउटा निश्चित सीमाभन्दा माथि बढेपछि सरकारी राजस्व बढ्नुको साटो उल्टै घट्न थाल्छ। त्यसैले ० र १०० को बीचमा एउटा यस्तो बिन्दु हुन्छ, जहाँ सरकारको राजस्व अधिकतम हुन्छ ।

किनभने, आफूले कमाएको सबै पैसा सरकारले नै लैजान्छ भने कसले जोखिम मोलेर काम गर्छ र? करको दर धेरै हुँदा मानिसहरू कि त कर छल्न थाल्छन् कि त लगानी गर्नै छोडिदिन्छन् ।

हाम्रै सेयर बजारलाई हेर्ने हो भने पुँजीगत लाभकरको दर घटाउँदा बजारमा कारोबार रकम र सरकारलाई आउने कर दुवै ह्वात्तै बढेको इतिहास छ । तर जब पुँजीगत लाभकरको दर बढाइन्छ, बजारमा कारोबार रकम र लगानीकर्ताको उत्साह दुवै ओरालो लाग्छ ।

यसको अर्थ, कर नीति केवल पैसा उठाउने भाँडो होइन, यो तो लगानीकर्ताको मनोविज्ञानसँग खेल्ने एउटा संवेदनशील हतियार हो । विगतमा जब जब करको दर व्यावहारिक बनाइयो, व्यवसायीहरूले आफ्नो वास्तविक नाफा घोषणा गरे, जसले राजस्व बढाउन मद्दत गर्‍यो ।

अन्तर्राष्ट्रिय अभ्यासले पनि यही भन्छ । सन् २००१ मा रसियाले उच्च कर प्रणाली हटाएर सबैका लागि समान १३ प्रतिशत कर तोक्दा पहिलो वर्षमै व्यक्तिगत आयकर राजस्व २५ प्रतिशतले बढेको थियो ।

सन् १९९७ मा अमेरिकाले पुँजीगत लाभकर २८ प्रतिशतबाट घटाएर २० प्रतिशतमा झार्दा आगामी चार वर्षमा अनुमान गरिएको भन्दा झन्डै दोब्बर राजस्व उठ्यो । भारत र दक्षिण कोरियाले संस्थागत करको दर घटाएपछि व्यवसायहरू यति धेरै फस्टाए कि उनीहरूको कुल राजस्व र आर्थिक वृद्धिको अनुपात उल्टै दोब्बर हुन पुग्यो ।

> आयल निगमले यो सम्पूर्ण कर आफ्नो खल्तीबाट तिर्दैन, बरू यो सबै जोडेर खुद्रा मूल्य निर्धारण गर्छ। यसको सिधा मार त्यही एउटा सार्वजनिक यातायात चढ्ने गरिब यात्रु र दैनिक उपभोग्य वस्तुको ढुवानी भाडा तिर्ने सर्वसाधारणमाथि पर्न जान्छ । अमेरिकी बजेट कार्यालयको एउटा प्रतिवेदनले देखाएको छ कि कम्पनीहरुमाथि लगाइने संस्थागत आयकरको करिब ५० देखि ७० प्रतिशतसम्मको भार अप्रत्यक्ष रूपमा मजदुरहरुको कम ज्याला र उपभोक्ताको उच्च मूल्यमार्फत सर्वसाधारणकै थाप्लोमा सर्ने गर्छ ।

राजस्व वृद्धि गर्ने दिगो र यथार्थपरक बाटो भनेको करको दर बढाउनु होइन, बरू करको दरलाई लगानीमैत्री बनाएर करको दायरालाई फराकिलो बनाउनु हो ।

### करको वास्तविक भार र उपभोक्तामा पर्ने असर

अब प्रश्न उठ्छ, धनी व्यापारीमाथि कर बढाउँदा गरिबलाई चाहिँ कसरी मार पर्छ त ? कर जसको नाममा तोकिएको हुन्छ, वास्तविक रूपमा त्यसको मार उसैलाई मात्र पर्छ भन्ने हुँदैन । उद्योगपति र व्यापारीहरूसँग पुँजी हुन्छ ।

जब उनीहरूले कमाउने नाफामा सरकारले अत्यधिक कर लगाइदिन्छ, तब उनीहरूले आफ्नो नाफा सुरक्षित राख्न दुई वटा उपाय अपनाउँछन् ।

पहिलो, उत्पादित वस्तु वा सेवाको मूल्य बढाएर करको भार सिधै ग्राहक वा उपभोक्तामाथि सारिदिन्छन् ।

दोस्रो, उद्योगमा काम गर्ने मजदुरहरूको पारिश्रमिक घटाउँछन् वा नयाँ रोजगारीका अवसरहरू कटौती गर्छन् ।

यसको साभन्दा राम्रो उदाहरण हामीले दिनदिनै प्रयोग गर्ने इन्धन हो । नेपाल आयल निगमले इन्धन आयात गर्दा भन्सार बिन्दुमै भन्सार महसुल, पूर्वाधार विकास कर, सडक मर्मत कर, प्रदूषण नियन्त्रण शुल्क र १३ प्रतिशत मूल्य अभिवृद्धि कर जस्ता भारी करहरू तिर्छ।

आयल निगमले यो सम्पूर्ण कर आफ्नो खल्तीबाट तिर्दैन, बरू यो सबै जोडेर खुद्रा मूल्य निर्धारण गर्छ। यसको सिधा मार त्यही एउटा सार्वजनिक यातायात चढ्ने गरिब यात्रु र दैनिक उपभोग्य वस्तुको ढुवानी भाडा तिर्ने सर्वसाधारणमाथि पर्न जान्छ । अमेरिकी बजेट कार्यालयको एउटा प्रतिवेदनले देखाएको छ कि कम्पनीहरूमाथि लगाइने संस्थागत आयकरको करिब ५० देखि ७० प्रतिशतसम्मको भार अप्रत्यक्ष रूपमा मजदुरहरूको कम ज्याला र उपभोक्ताको उच्च मूल्यमार्फत सर्वसाधारणकै थाप्लोमा सर्ने गर्छ ।

### प्रतिगामी र प्रगतिशील कर प्रणालीको ग्याप

कुनै पनि राष्ट्रले आफ्नो कर नीति तर्जुमा गर्दा सामाजिक न्याय र आर्थिक दक्षताबीच सन्तुलन मिलाउनुपर्छ। सामान्यतया सरकारले दुई किसिमका करहरू उठाउँछन् ।

प्रगतिशील कर- यसमा उच्च आय हुनेले बढी प्रतिशत कर तिर्छन्, जसले धनी र गरिबबीचको खाडल कम गर्न मद्दत गर्छ ।

प्रतिगामी कर- यसमा उच्च आय भएका व्यक्तिको तुलनामा न्यून आय भएका व्यक्तिहरूले आफ्नो कुल आम्दानीको ठूलो प्रतिशत करको रूपमा तिर्नुपर्ने हुन्छ, जस्तै १३ प्रतिशत मूल्य अभिवृद्धि कर ।

नेपालको कुल राजस्वको झन्डै ७० देखि ७५ प्रतिशत हिस्सा अप्रत्यक्ष करबाट उठ्छ, जुन स्वभावैले प्रतिगामी हुन्छ ।

उदाहरणका लागि, एउटा ठूलो वाणिज्य बैंकको प्रमुख कार्यकारी अधिकृत र एउटा दुर्गम गाउँको दिनभरि माटो खन्ने मजदुरले बजारबाट एउटै सामान किन्दा दुवैले बराबर १३ प्रतिशत मूल्य अभिवृद्धि कर तिर्नुपर्छ। तर त्यो कर मजदुरको दैनिक ज्यालाको ५ प्रतिशत हुन सक्छ भने बैंकका हाकिमको आम्दानीको ०.००१ प्रतिशत पनि हुँदैन ।

### पुँजी पलायन र नीतिगत अस्थिरताको असर

छिमेकी देश भारतकै सफल उद्योगपति आदित्य बिर्लाले कुनै समय देशको झन्झटिलो नीति र सुस्त कर्मचारीतन्त्रका कारण आफ्नो पुँजी थाइल्यान्ड र इन्डोनेसियामा लगेर उद्योग खोल्नुपरेको थियो, जसका कारण भारतले ठूलो संख्यामा रोजगारी र कर दुवै गुमायो ।

नेपालमा कानुनी रूपमा विदेशमा लगानी गर्न प्रतिबन्ध भए पनि अन्तर्राष्ट्रिय व्यापारको आवरणमा र हुण्डीमार्फत ठूलो मात्रामा पुँजी बाहिरिरहेको छ । व्यापारीहरू राज्यलाई धेरै कर तिर्नुपर्ने डरले कमाएको नाफालाई बैंकमा नराखी बाहिर पठाउँछन्, जसले देशको विदेशी मुद्रा सञ्चिति घटाउँछ र अर्थतन्त्रलाई अनौपचारिक बनाइदिन्छ। पछि यही तस्करी जस्ता अवैध कामको जग बन्न पुग्छ ।

अमेरिकाको एउटा अनुसन्धानले यो देखाउँछ कि नेपालमा भित्रिने वैदेशिक सहायताको प्रत्येक एक डलरमा झण्डै ९२ सेन्टसम्म रकम पुनः अवैध रूपमा बाहिरिने गरेको छ ।

फ्रान्सले सन् २०१२ मा ७५ प्रतिशतसम्मको उच्च आयकर लगाउँदा धनी उद्यमीहरू देशै छाडेर बेल्जियम र बेलायत सरेका थिए भने स्वीडेनले कर बढाउँदा विश्वप्रसिद्ध फर्निचर कम्पनी इकियाका संस्थापकले आफ्नो पुँजी नै देशबाहिर सारेका थिए ।

अमेरिकाको मेरिल्यान्ड राज्यले सन् २००८ मा वार्षिक १० लाख डलरभन्दा बढी कमाउनेहरूमाथि कर बढाउँदा, त्यहाँ बस्ने करोडपतिहरूको संख्या करिब ८,००० बाट घटेर ६,००० भन्दा तल झर्‍यो । यसबाट १०६ मिलियन डलर धेरै राजस्व उठ्ने अनुमान गरिएकोमा उल्टै २५ प्रतिशत ले राजस्व घट्न पुग्यो ।

### नेपालका लागि सुहाउदो व्यावहारिक कर नीति

यी सबै कुरा गरिसकेपछि अब हामीले राजस्व संकलनको पुरानो र संकुचित सोचलाई बदल्नैपर्छ । करको दर बढाउनु भनेको कर छली र पुँजी पलायनलाई निम्तो दिनु मात्र हो । नेपालले आफ्नो कर नीतिलाई सिंगापुर वा न्युजिल्यान्ड जस्तै सरल र प्रविधिमैत्री बनाउन केही व्यावहारिक सुधार गर्नुपर्छ ।

१. नेपालको अर्थतन्त्रको झन्डै आधा हिस्सा अझै पनि करको दायराभन्दा बाहिर छ, त्यसैले करको दर कम गरेर कृषि र घरजग्गाको वास्तविक कारोबारलाई करको दायरामा ल्याउनुपर्छ ।

२. भ्रष्टाचार रोक्न कर कर्मचारीहरूको कार्यसम्पादनका आधारमा पुरस्कार वा प्रोत्साहन दिने नीति लिन सकिन्छ, जसरी पाकिस्तानको पञ्जाब प्रान्तमा कर संकलकहरूलाई निश्चित प्रतिशत प्रोत्साहन दिँदा कर सम्बन्धी संकलन ६४ प्रतिशतले बढेको थियो ।

३. कम्पनीले कमाएको नाफामा र व्यक्तिको तहमा गरी दुई पटक कर लाग्ने झन्झट हटाइनुपर्छ, जसरी जर्जियाले आफ्ना २१ प्रकारका झन्झटिला करहरूलाई घटाएर मात्र ६ वटामा सीमित गर्दा कर राजस्व कुल गार्हस्थ्य उत्पादनको १२ प्रतिशतबाट बढेर २५ प्रतिशत पुगेको थियो ।

४. एस्टोनियाको जस्तो कर प्रणाली अपनाउनु आवश्यक छ, जहाँ कम्पनीहरूले कमाएको नाफा यदि पुनः सोही व्यवसाय विस्तारमा लगानी गर्छन् भने त्यसमा शून्य प्रतिशत कर लाग्छ, नाफा लाभांशको रूपमा घर लैजाँदा मात्र कर लाग्छ ।

५. मूल्य अभिवृद्धि करमा दिइने अनावश्यक छुट र फिर्ता प्रणालीका छिद्रहरू पूर्ण रूपमा बन्द गरिनुपर्छ, जसरी विगतमा मोबाइल फोन र खानेतेल उद्योगको कर फिर्ता खारेज गर्दा सरकारले वार्षिक करोडौं डलर अतिरिक्त राजस्व संकलन गर्न सकेको थियो ।

६. सेयर वा पुँजी बजारमा लगानीकर्तालाई कुनै एउटा कारोबारमा भएको घाटालाई सोही वर्षको अर्को कारोबारमा भएको नाफासँग मिलान गरेर निस्किने खुद नाफामा मात्र कर तिर्ने व्यवस्था हुनुपर्छ ।
   यदि वर्षभरि नै घाटा भए, उक्त घाटालाई आगामी वर्षहरूमा सारेर भविष्यको नाफासँग मिलान गर्ने सुविधा दिनुपर्छ। पुँजीगत लाभकरलाई अन्तिम कर भनेपछि ऐनका अन्य दफाहरू तेर्स्याएर लगानीकर्तालाई अल्मल्याउनु हुँदैन ।

७. कर प्रणालीलाई पूर्ण रूपमा कागजरहित र मानव सम्पर्करहित बनाउनुपर्छ, जसले कर्मचारीहरूको तजबिजी अधिकार र भ्रष्टाचार दुवै घटाउँछ ।

कर नीति कस्तो हुनुपर्छ भन्ने सन्दर्भमा चाणक्य नीतिमा एउटा बडो सुन्दर भनाइ छ – सरकारले करदाताबाट राजस्व यसरी संकलन गर्नुपर्छ, जसरी मौरीले फूलको सौन्दर्य र अस्तित्वलाई कुनै चोट नपुर्‍याई कुशलताका साथ मह मात्र संकलन गर्छ ।

नेपालका लागि समाजवादको नाममा धनी र उद्योगीलाई तर्साउने उच्च कर नीति वा पुँजीवादको नाममा गरिबलाई थिच्ने नीति दुवै घातक छन्। राजस्व संकलनको लक्ष्य करको दर बढाएर मात्र होइन, बरू यसले सिर्जना गर्ने आर्थिक न्याय, पुँजीको सुरक्षा र बजारको गतिशीलताका आधारमा तय गरिनुपर्छ ।

डर र त्रासमा होइन, जब देशमा लगानीकर्ता, व्यापारी र उद्यमीले आफ्नो लगानी र पुँजी सुरक्षित महसुस गर्छन्, तब मात्र देशको वास्तविक समृद्धि सम्भव हुन्छ । यो लेख सेतोपाटीडटकमबाट साभार गरिएको छ ।

# अनलाइन ठगीबाट कसरी जोगिने ?



● जीवन कुमार श्रेष्ठ

पछिल्लो समय अनलाइन ठगीका घटना निकै बढेको छ। विशेषतः अनलाइन ठगी बढ्नुमा इन्टरनेटको बढ्दो प्रयोग हो। सामाजिक सञ्जालको बढ्दो प्रयोग, डिजीटल भुक्तानीको प्रचलन पनि बढ्दै गएको छ । यस्ता प्रविधिमा दक्ष नभएका मानिस सजिलै ठगीमा पर्ने सम्भावना हुन्छ ।

कतिपय अवस्थामा मानिसहरू भ्रममा परेर, विश्वास र लोभमा परेर अनलाइन ठगीको सिकार भएका घटना छन् । ठगीमा संलग्नहरूले पहिचान लुकाएर ठगी गर्ने गरेका छन् । स्थानीय रूपमा मात्र नभएर सीमा पारबाट समेत अनलाइन ठगीका घटना भएको अवस्था छ ।

इन्टरनेटको व्यापक प्रयोग र जसरी डिजिटल भुक्तानीहरू भइरहेका छन्, अपराध गर्ने मान्छेहरूले त्यसलाई 'मौका' ठान्छन् । अनलाइन मार्केटिङ र अनलाइन सपिङबाट लोभ-लालचका कुरा आइरहेका छन् । मान्छेहरू लोभ, लालच र आफूले सामाजिक सञ्जाल अथवा अनलाइन भुक्तानी गर्दा अपनाउनुपर्ने सावधानी नअपनाएको कारण यस्ता ठगीको जालमा परेका हुन् । कम मेहनत गरेर छिटो नाफा कमाउन खोज्दा पनि मानिस ठगिन्छ ।

यसमा नियामक निकायहरूले सचेतना फैलाइरहनु पर्ने अवस्था देखिन्छ। अनुसन्धान गर्ने निकायले ठगी हुनै नदिनेतर्फ प्रयास नगरेको होइन। ठगी न्यूनीकरणका लागि काम भइरहेको छ । प्रहरीले अनलाइन ठगीबाट जोगिनका लागि सचेतनाका कुरा भन्दै आएको देखिन्छ, तर मानिसहरू त्यस्ता कुरालाई बेवास्ता गरेर अघि बढ्दा ठगीमा पर्ने गरेका छन् ।

विशेषगरी चिठ्ठा परेको भ्रम, सामान आएको भ्रम, डिजिटल भुक्तानी दिँदा अथवा ओटीपीहरू सेयर नगर्नुस् भनेर सचेतनाको कार्यक्रम गरिरहेको अवस्था छ, तर त्यति हुँदाहुँदै पनि ठगीका धेरै घटना भएको छ। प्रहरीले द्रुत अनुसन्धान गरेर अपराधमा संलग्नहरूलाई कानुनी दायरामा ल्याइरहेको पनि छ।

यस्ता ठगी नियन्त्रण गर्न नियमित रूपमा जनचेतनाका अभियान सञ्चालन गर्नुपर्छ। जस्तैः बैंक र डिजिटल भुक्तानी सेवा प्रदायक संस्था, दुरसञ्चार र सामाजिक सञ्जालहरूको बिचमा समन्वय बढाउनुपर्ने देखिन्छ । शङ्कास्पद नम्बर, वेबसाइट अनि शङ्कास्पद खाता पहिचान गरेर कारबाहीको दायरामा ल्याउनुपर्छ। ठगी भयो भनेर बसिराख्ने हैन कि साइबर निगरानी पनि गर्नुपर्छ । हामी त्यसलाई डिजिटल निगरानी र पट्रोल पनि भन्छौं । अपराध नहोस् भनेर सुरक्षाकर्मीहरू भौतिक रूपमा गस्ती जान्छन्, त्यसैगरी साइबरको पनि निगरानी गर्नुपर्छ । कस्ता व्यक्ति घुमिरहेका छन्, कस्ता किसिमका फरम्याट आएका छन् र कस्तो विज्ञापन सत्य, को-कस्तो झुटो हो भनेर निगरानी बढाउनु जरुरी देखिन्छ।

विद्यालय, कलेज र जनसमुदायस्तरमा साइबर के हो र साइबर ठगीबाट कसरी बच्ने भनेर सचेतनाको कार्यक्रम जोडदार गर्नुपर्छ । सचेतनालाई निरन्तरता दिनुपर्छ । जसरी विद्युतीय माध्यमबाट ठगीका घटना भइरहेका छन्, त्यसलाई सामना गर्न अहिलेको अनुसन्धान शैली र प्रहरीसँग भएको प्रविधि पर्याप्त छ ? छैन भने के-केमा सुधार गर्नुपर्ने देखिन्छ ? यसमा पनि ध्यान दिनुपर्छ।

पहिला त साइबर सम्बन्धी अपराध प्रहरीको साइबर ब्युरोले मात्रै हेर्ने गरेको थियो । अहिले सबै जिल्ला प्रहरी कार्यालयलाई त्यस्तो मुद्दा अनुसन्धानको जिम्मेवारी दिइएको छ । साइबर अपराध अनुसन्धानको कार्यक्षेत्र विस्तार गरेको छ। अनुसन्धानको कार्यक्षेत्र विस्तार हुँदा पीडितहरू स्थानीय रूपमै प्रहरी युनिटहरूमा गएर उजुरी दिन पाउँदा अनुसन्धान छिटो र छरितो हुँदैछ, तर यतिले मात्रै पुग्दैन ।

प्रविधिको विस्तार जसरी भइरहेको छ, अनुसन्धान गर्ने स्रोत र साधन पनि त्यही अनुरुप बढाउनुपर्छ। अनुसन्धान गर्ने निकायको क्षमता अभिवृद्धि, जनशक्तिको क्षमता अभिवृद्धि पनि त्यही रूपमा विकसित र थप गर्नुपर्ने आवश्यकता छ। त्यस्तै बैंक, डिजिटल सेवा प्रदायक संस्था, टेलिफोन सेवा प्रदायक कम्पनीहरू र सामाजिक सञ्जाल र प्रहरीको एकीकृत नेटवर्क बनाउनुपर्छ । देशभित्र मात्र नभएर विदेशसँग पनि सञ्जाल, समन्वय र सूचना आदानप्रदान गर्नु जरुरी छ।




घटनापछि अनलाइन ठगीको रकम रोक्ने तरिका हुन्छ। त्यो ट्र्याकिङ गर्ने सिस्टम सुधार गरेर तत्काल सम्बन्धित बैंक तथा वालेटबाट सो रकम रोकिहाल्नुपर्छ। सेवा प्रदायकलाई सूचना दिने र तत्काल ट्र्याक गर्ने सिस्टम एकीकृत रूपमै बनाउनुपर्छ।

### ठगीका नयाा-नयाा शैली

पछिल्लो अनलाइन ठगीको ट्रेन्ड हेर्दा अपराधीहरूले नयाँ-नयाँ शैली प्रयोग गर्ने गरेका छन् । तपाईंलाई चिठ्ठा परेको छ, त्यो पाउन केही भुक्तानी गर्नुस् भन्ने ठगीको शैली देखिन्छ । त्यस्तै, तपाईंको साथीले विदेशबाट पठाएको सामान भन्सारमा रोकिएको छ, फुकुवा गर्न रकम पठाउनु भन्ने तथा विदेशमा राम्रो रोजगारी छ भनेर लोभ देखाएर हुने ठगीका शैली नयाँ देखिन्छ।

प्रेम सम्बन्ध राखेर अनेक हर्कत र ब्ल्याकमेलिङका घटना पनि देखिन्छन्। बैंकको स्टाफ बोलेको भन्दै केवाईसी भर्ने नाममा ओटीपी सेयर गर्न लगाउने, स्क्रिन सेयर गर्न लगाउने र सामाजिक सञ्जाल ह्याक गरेर रकम माग्ने घटना अहिले बढी देखिन्छ।

अहिले अत्यधिक देखिएको शैली सस्तोमा मोबाइल र अन्य ग्याजेट पाइन्छ भनेर ठग्ने हो । मुख्य त हामीले कस्तो सामान, कुन विक्रेताबाट खरिद गर्दैछौं भनेर यकिन गर्नुपर्छ । भुक्तानी पहिल्यै गर्ने होइन, सामान आफूले प्राप्त गरेपछि भुक्तानी दिने गर्नुपर्छ। हामीले सामानको बजार मूल्य पनि यकिन गर्नुपर्छ। १ लाख पर्ने सामान ६५ हजारमा किन बेच्न खोजिरहेको छ विक्रेताले भनेर पनि विचार गर्नुपर्छ । यसमा सचेत हुन आवश्यक छ।

मानिसहरूमा अलिकति अल्छीपना र विस्तृतमा नबुझ्ने प्रवृत्ति छ। राम्रोसँग नबुझिकन अनलाइन सपिङ गरेर सामान मगाउने फेसनजस्तो भएको छ। सस्तोमा पाइन्छ भनेर लोभमा परेर वास्तविकता नबुझिकन सामान मगाउने प्रवृत्ति बढेको छ। त्यसकारण हामीले सामान विक्रेता को हो, भुक्तानीको माध्यम के हो र मार्केटिङ कसले गरिरहेको छ भनेर बुझ्न जरुरी छ। बुझेरमात्रै राम्रोसँग कारोबार गर्नुपर्छ भन्ने मलाई लाग्छ।

दैनिक रूपमा ठगी बढ्नुमा विभिन्न फ्याक्टरको भूमिका हुन्छ । मुख्य त हामीमा अहिले डिजिटल कारोबारहरू बढी भएको छ। डिजिटल कारोबार गर्दा विवरण, भुक्तानी माध्यम, सामान बिक्री गर्ने संस्थाको बारेमा नुबझिकन कारोबार गर्दा ठगीका घटना बढेको छ । सामाजिक सञ्जालको व्यापक प्रयोग र प्रविधिको एकदमै बढोत्तरी भएको अवस्थालाई मौकाका रूपमा लिएर अपराधीहरूले ठगी गर्ने गरेका छन् । प्रविधिमा परिवर्तन भएसँगै अपराध गर्ने शैली धामधम परिवर्तन गरिरहेको अवस्था छ।

ठगीका घटना रोक्न सचेतनाको सबैभन्दा ठुलो भूमिका हुन्छ । सचेतना बढाउन बैंकहरूले पनि भूमिका खेल्नुपर्छ । ठगीबाट जोगिनको लागि बैंकहरूले पासवर्ड बलियो राख्नुस्, ओटीपी सेयर नगर्नुस्, स्क्रिन सेयर नगर्नुस् भनेर अवेयरनेसका कार्यक्रमहरू गरेको देखिन्छ। प्रहरीले पनि गरिरहेको छ। अझ बढीभन्दा बढी अनुसन्धान गर्ने निकाय, बैंक, दुरसञ्चार र डिजिटल भुक्तानीका माध्यमले यसमा भरपर्दो समन्वय गर्न जरुरी हुन्छ । सेवा प्रदायकले एकपटक मात्र सूचना दिएर पुग्दैन, हाम्रोमा बिर्सिने संस्कार भएको हुनाले निरन्तर रुपमा सचेतनाको अभियान चलाउनु पर्छ । त्यस्ता खाले ठगीबाट जोगिन बलियो पासवर्ड कसरी राख्ने भन्नेबारे सचेतना बैंकिङ क्षेत्रबाटै हुनुपर्ने देखिन्छ। यो लेख रातोपाटीडटकमबाट साभार गरिएको छ।

# असार नसकिँदै रित्तियो आँप



महोत्तरी । मध्य जेठदेखि भदौ मसान्तसम्म आँप पाक्ने सिजन हो । तर, असार महिना पूरा नहुँदै महोत्तरीका किसानको बगैँचाबाट सबै प्रकारका आँप सकिएका छन् ।

महोत्तरीमा यो मौसम फल पाक्ने सिजन हो । जात अनुसार चाँडो र ढिलो पाक्ने आँप यस वर्ष असार नसकिदै रित्तिएका छन् । आँपलाई फलको राजा मानिन्छ । जेठ मध्यदेखि १५ असारसम्म बम्बई, असार १५ देखि मसान्तसम्म मालदह र कृष्णभोग, त्यसपछि साउन लाग्नासाथ कलकितया, आम्रपाली, अभिया, मल्लिका, जर्दा, हर्दिया र गुलावखाससहितका आँपको मौसम सुरु हुन्छ । तर यसपालि पाक्ने मध्य बेलामै आँपक बोट खाली भइसकेको भङ्गाहा-४ रामनगरका किसान हरिदेव साह बताउनुहुन्छ ।

"हेर्नुहोस् न ! बगैँचामा पछि पाक्ने आँप पनि थिए, तर असार-१५ ताका नै बगैचा रित्तोभयो" । साह भन्नुहुन्छ, "बगैँचा ठेकेदारलाई बेचियो, सबै आँप टिपेर लगे" । साउन लागेपछि पाक्ने कलकतिया, आम्रपाली, मल्लिका, स्वर्णरेखा र हर्दियासहितका आँपका बोट पनि अहिले असार मसान्त अघि नै सकिएका छन् ।

यसपालि असार लागेदेखि मध्यसम्म दिनभरि अचाक्ली गर्मी र रातभरि वर्षा हुने क्रमले आँपका फल सड्दै झर्ने क्रम बढेपछि समयअघि नै बेच्नुपरेको अर्का किसान गङ्गाराम महतोले बताउनुभयो । भदौमा पाक्ने अभिया र भदैयाँसहितका आँपका बोट पनि असार नसकिँदै रित्तिएका छन् ।

पछि पाक्ने आँप पहिले नै बिक्री गर्दा त्यसलाई पकाउन कार्बाइडको प्रयोग गर्नुपर्छ । कार्बाइड प्रयोग भएको आँप एक त स्वादिलो हुँदैन, भने अर्का स्वास्थ्यका लागि हानिकारक हुन्छ भने चाँडै विक्री गर्दा किसानले उचित मूल्य नपाएका गुनासो सुनिन्छ ।

बोटमै पाकेको आँप स्वादिष्ट र स्वस्थ्यकर हुन्छ । तर, किसानको धानखेतीको समय सुरु भएकाले चाँडै अन्य काम सक्नका लागि आँप पाक्ने समय नहुँदै आँप बेचेर रोपाइँमा किसान लागेका बर्दिबास-१२ बिजलपुराका किसान विश्वनाथ सिंह बताउनुहुन्छ ।

महोत्तरीमा तीन हजार हेक्टर क्षेत्रफलमा आँपको बगैँचा फैलिएको कृषि ज्ञान केन्द्र महोत्तरीले जनाएको छ । यहाँका आँप किसान नजिकै आँप प्रशोधन उद्योग र चिस्यानघर नहुँदा हतारमै आँप बिक्री गर्न बाध्य छन् । ग्रामीण किसानका यो समस्या यहाँको स्थानीय सरकारले नसुनेको गौशाला-१० बटुवाका ७० वर्षीय किसान लक्ष्मीप्रसाद सिंह बताउनुहुन्छ । रासस

# धनुषा-सिरहा जोड्ने झोलुङ्गे पुल पर्यटक गन्तव्य बन्दै

जनकपुरधाम । धनुषा र सिरहालाई जोड्ने कमला नदीमा निर्माण गरिएको देशकै दोस्रो लामो झोलुङ्गे पुल सञ्चालनमा आएपछि त्यस क्षेत्र पर्यटक गन्तव्यस्थलका रूपमा विकास र विस्तार भएको छ ।

पुल निर्माणपछि पछिल्लो समय दुवै जिल्लाका स्थानीयलाई एक अर्को जिल्लामा आवतजावत गर्न समेत सहज भएको छ ।

कमला नदीमाथिको झोलुङ्गे पुलबाट त्यस वरपरको मनमोहक दृश्यावलोकन गर्नेको पछिल्ला दिनमा भीड नै लाग्न थालेको छ । पुलबाट वरपरको दृश्य समेट्नेगरी टिकटक बनाउन र फोटो खिच्न तँछाडमछाड गरेको देखिन्छ ।

करिब एक हजार ५४४ मिटर लामो उक्त झोलुङ्गे पुलले धनुषाको जनकनन्दिनी गाउँपालिका-४ कठाल र सिरहाको सिरहा नगरपालिका-१३ मल्हनियालाई जोडेको छ ।

पुल निर्माणसँगै वर्षौंदेखि डुङ्गा तथा वैकल्पिक जोखिमपूर्ण माध्यम प्रयोग गरेर नदी वारपार गर्नुपर्ने स्थानीयको बाध्यता अन्त्य भएको धनुषाको जनकनन्दनी गाउँपालिका-३ का सन्दीप साहले बताउनुभयो । सङ्घीय सरकारको रु २८ करोडको लागतमा निर्माण भएको थियो ।

निर्माण सम्पन्न भएर २०८० साल माघबाट पुल सञ्चालनमा आएपछि विद्यालय, स्वास्थ्य संस्था, सरकारी कार्यालय तथा बजारसम्म पुग्न लाग्ने समय उल्लेख्य रूपमा घटेको छ ।



अहिले दैनिक ठूलो सङ्ख्यामा नागरिकले त्यस पुलमार्फत सहज रूपमा आवतजावत गरिरहेका छन् । पुल निर्माणपछि दुई जिल्लाबीचको सामाजिक, सांस्कृतिक र आर्थिक सम्बन्धलाई थप मजबुत बनाएको जनकनन्दनी गाउँपालिका-३ कै रोशन यादवको विश्वास छ ।

पुल निर्माणपछि छिमेकी मुलुक भारतको बिहारबाट आउने पर्यटकलाई समेत सहज पहुँच भएको छ । नजिकका धार्मिक तथा पर्यटकीय क्षेत्र घुम्न आउने भारतीय पर्यटकको सङ्ख्या बढ्न थालेपछि स्थानीय होटल, रेष्टुरेन्ट, पसल तथा साना व्यवसायी उत्साहित भएको स्थानीय मोहम्मद इमामुलको भनाइ छ ।

हुलाकी सडकखण्डअन्तर्गत कमला खोलामा नवनिर्मित पुल भत्किएपछि झोलुङ्गे पुल कमलानदी वारपार गर्नेको सङ्ख्या पछिल्लो समय बढेको छ ।

"पहिले नदी तर्न डुङ्गामा निर्भर रहनुपर्ने अवस्था रहेकाले वर्षायाममा आवतजावत निकै कठिन हुने गरेको थियो", इमामुलले भन्नुभयो, "अहिले पुल सञ्चालनमा आएपछि वर्षभरि सुरक्षित र सहज रूपमा यात्रा गर्न सहज भएको छ ।"

स्थानीय किसानले उत्पादन गरेका कृषि उपज, दुग्धजन्य वस्तु तथा अन्य सामग्री बजारसम्म पुर्याउनसमेत सहज भएको छ ।

यातायात खर्च र समय दुवै घटेकाले कृषक तथा साना उद्यमी प्रत्यक्ष लाभान्वित हुने अपेक्षा गरिएको छ । पुल आसपासका क्षेत्रमा चिया पसल, होटल, किराना, फलफूल तथा अन्य साना व्यवसाय विस्तार हुन थालेका छन् । स्थानीयले पर्यटन र व्यापारसँग सम्बन्धित नयाँ व्यवसाय सञ्चालन गरेकाले रोजगारी सृजना र स्थानीय अर्थतन्त्रसमेत चलायमान बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

कमला नगरपालिका-६ का मनोज यादव उक्त पुललाई केवल आवतजावतमा मात्र सीमित नगराई दुई जिल्लाको विकास, सामाजिक एकता र आर्थिक समृद्धिको आधारका रूपमा लिइनुपर्ने बताउनुहुन्छ । उहाँका अनुसार पुलबाट शिक्षा, स्वास्थ्य, कृषि, व्यापार र पर्यटनका क्षेत्रमा दीर्घकालीन सकारात्मक प्रभाव पार्नेछ ।

जनकनन्दी गाउँपालिकाका अध्यक्ष विपिनदेव यादवले उक्त झोलुङ्गे पुलको अधिकतम उपयोग गर्दै आसपासका क्षेत्रमा सडक, बजार, पर्यटकीय पूर्वाधार तथा अन्य सेवा विस्तारका कार्यक्रम अघि बढाइने बताउनुभयो । रासस

# बाख्रापालनले बदल्दै ग्रामीण महिलाको जीवन

जनकपुरधाम । बिहानको झिसमिसेमै धनुषाको बटेश्वर गाउँपालिका-२ सीतापुरका रागेश्वरी कुमारी दनुवारको बाख्रा खोरबाट मिमियाहट सुनिन्छ । हातमा घाँसको बोरा बोकेर खोरतर्फ लागेकी दनुवारको अनुहारमा अहिले फरक आत्मविश्वास झल्किन्छ । केही वर्षअघि आर्थिक अभावको चिन्ता देखिने उहाँको अनुहारमा अहिले छुट्टै किसिमको चमक देखिन्छ । दैनिक घरखर्च जुटाउन सङ्घर्ष गर्दै आउनुभएका दनुवारको भविष्य अन्योलमा थियो । आज भने उहाँ गाउँका अन्य महिलाका लागि प्रेरणाको स्रोत बन्नुभएको छ ।

"हाम्रो जीवन केही वर्षअघि निकै कठिन थियो, अरूको खेत अधियाँमा जोतेर परिवार चलाउनुपर्ने अवस्था थियो", दनुवार भन्नुहुन्छ, "पहिला दैनिक खर्च जुटाउनै मुस्किल पर्ने भएकाले भविष्यबारे ठूलो सपना देख्ने अवस्था थिएन्, तर परिस्थितिसँग हार मान्नुभएन ।" दुई वटा स्थानीय बाख्रा पालेर सुरु गरेको प्रयास विस्तारै व्यवसायमा परिणत भयो, चार वटा बाख्राबाट सुरु भएको बाख्रा फार्ममा अहिले बोयर जातका बाख्रा, खसी र बोकासहित करिब २१ वटा रहेको उहाँको भनाइ छ ।

उत्पादन बढाउने उद्देश्यले उहाँले बोयर जातका पाठा र बोका ल्याएर स्थानीय जातसँग क्रस प्रजनन गराउनुभयो । "बोयर जातका बाख्रा छिटो बढ्ने, रोग प्रतिरोधी हुने र मासु उत्पादन बढी हुने भएकाले बजारमा राम्रो मूल्य पाइन्छ", दनुवार भन्नुहुन्छ, "त्यही भएर बाख्रापालन फस्टाउँदै गएको छ, यसपालि अझै बाख्रा थप्ने योजना छ ।" सुरुमा गाउँलेले उहाँको निर्णयप्रति आशङ्का व्यक्त गरे । "विदेशी बाख्रा पालेर के हुन्छ ? भन्ने टिप्पणी पनि सुनिनु तर अहिले त्यही गाउँलेहरू उहाँको खोरमा पुगेर व्यवस्थापन सिक्न थालेका छन् ।"

उहाँको परिवार अहिले ऋण तिर्ने अवस्थाबाट नियमित आम्दानी गर्ने चरणमा पुगेको छ । दुई कट्ठा जग्गा घाँसखेती गर्नुभएका उहाँलाई पशु आहारको समस्या छैन । बजारमा खसीबोकाको माग बढिरहेकाले उत्पादन बिक्रीमा पनि कठिनाइ नरहेको उहाँ बताउनुहुन्छ । उहाँका अनुसार बाख्रापालनले परिवारको आर्थिक अवस्था मात्र सुधारेको छैन, समाजमा सम्मानसमेतबढाएकोछ।रागेश्वरीदेवीको सफलता व्यक्तिगत उपलब्धिमा सीमित छैन । यसबाट गाउँका अन्य महिला पनि बाख्रापालनप्रति आकर्षित भएका छन् ।

बटेश्वर गाउँपालिका-२ का मनिताकुमारी सिंह नेतृत्वमा गठन भएको 'राजदेवी पशुपालक समूह' महिला उद्यमशीलताको केन्द्र बनेको छ । समूहमा आबद्ध २५ जना महिलाले घरायसी कामपछि बाँकी समयलाई उत्पादनमूलक काममा लगाउन थालेका छन् । एकअर्काबाट सिक्ने, अनुभव साट्ने र समस्याको सामूहिक समाधान खोज्ने संस्कृतिले महिलाको आत्मविश्वास बढाएको छ ।

सोही ठाउँका ललितादेवी ठाकुर पनि परिवर्तनको अर्को उदाहरण हुन् । पहिले धानबाली र तरकारीखेती गर्दै आउनुभएका ठाकुरले पनि बाख्रापालन रोज्नुभएको छ । अहिले आफ्नै जग्गा र भाडामा लिएको जमिनमा घाँसखेती गर्दै व्यवसाय विस्तार गरिरहनुभएका उहाँ बाख्रापालनलाई नै आम्दानीको मुख्य स्रोत बनाउनुभएको छ । "सुरुमा एउटा बाख्रा मात्र पालेको थिएँ, रागेश्वरी दिदीले बाख्रापालनबाट राम्रो फाइदा भएको देखेपछि मैले पनि बाख्रापालनलाई व्यावसायिक रुपमा अघि बढाएँ", ललिता भन्नुहुन्छ, "अहिले १७ वटा बाख्रा पालेकी छु, अझै बढाउने सोचमा छु ।" सोही ठाउँका अर्की कृषक सरितादेवी सिंह पनि बिहानदेखि बेलुकासम्म बाख्राको स्याहारसुसारमा व्यस्त रहनुहुन्छ । उहाँका लागि बाख्रापालन आम्दानीको माध्यम मात्र होइन, सक्रिय र सम्मानजनक जीवन जिउने आधार बनेको छ ।

यसरी महिला समूहको सक्रियताले गाउँको सामाजिक संरचनामा परिवर्तन ल्याएको छ । पहिले व्यक्तिगत रूपमा काम गर्ने महिला अहिले समूहमार्फत योजना बनाउने, सरकारी निकायसँग समन्वय गर्ने, बैंकसँग कारोबार गर्ने र सामूहिक रूपमा बजार खोज्ने काममा सक्रिय छन् ।रासस


## प्रतिनिधिसभाः उठेका विषयमा सरकारले स्पष्ट पार्नुपर्ने माग

काठमाण्डु । प्रतिनिधिसभाको आजको दोस्रो बैठकमा पनि विपक्षी दलका सांसदहरूले आफूहरूले उठाइएका विषयमा सरकारले स्पष्ट जवाफ दिनुपर्ने मागलाई निरन्तरता दिएका छन् ।

नेकपा (एमाले)का राजेन्द्रकुमार राईले आफूहरूले प्रतिनिधिसभाको नियमावलीमा भएको व्यवस्थाबमोजिम नै प्रधानमन्त्रीलाई सदनमा आएर जवाफ दिन माग गर्दै आएको जिकिर गर्नुभयो । उहाँले संवाद र सहमतिको वातावरण सृजना गर्न पनि आग्रह गर्नुभयो ।रासस

# शिक्षकमाथि भ्रष्टाचार मुद्दा

**टुडे समाचारदाता**



लहान । सिरहाको धनगढीमाई नगरपालिकामा रहेको जनता माध्यमिक विद्यालयका एक शिक्षकमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नक्कली शैक्षिक योग्यता सम्बन्धमा विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

शिक्षक गुन्जेश्वर मण्डलले शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली पेस गरी शिक्षक पदमा नियुक्ति लिएर भ्रष्टाचार गरेको आरोपमा आयोगले उनीमाथि मुद्दा दायर गरेको हो ।

मण्डलले पीसीएल र ब्याचलरको नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी नियुक्ति लिएर भ्रष्टाचार गरेको आयोगको आरोप छ ।

भारतस्थित बिहार इन्टरमिडियट एजुकेसन काउन्सिल पटनाबाट आईएस्सी र चौधरी चरण सिंह विश्वविद्यालय मेरठबाट विज्ञानमा स्नातक तह उत्तीर्ण गरेको भनी झुट्टा शैक्षिक प्रमाणपत्र पेस गरी माध्यमिक तह, तृतीय श्रेणी शिक्षक पदमा उनले नियुक्ति लिएको पाइएको आयोगको आरोपमा पत्रमा उल्लेख छ ।


## भूमि प्रशासन कार्यालय जनकपुरधाम, धनुषा

## म्याद तामेली सम्बन्धी ३0 (तिस) दिने सार्वजनिक सूचना

जि.धनुषा पटेर्वा गा.वि.स.वा.नं.८ हाल सवैला नगरपालिका वा.नं.४ मा बस्ने शेरन मियाँको नाति सवजान कवारी मियाँको छोरा मनसिफ राईन-१ वादी र जिल्ला धनुषा रघुनाथपुर गा.वि.स.वा.नं.६ हाल सवैला नगरपालिका वा.नं.१२ स्थित हरिहरनाथ देवताका पूजारी श्याम प्रसाद उपाध्याय रिमाल-१ प्रतिवादी भई कार्यबाहीयुक्त अवस्थामा रहेको मि.नं.४४ डा.मि.२०८१/०१/३० गतेको बाँडफाँड मुद्धामा विपक्षी/ प्रतिवादीका नाउँमा जारी भएको १५ पन्ध्र दिने म्याद रित पूर्वक तामेली नभई प्रतिवेदन सहित म्याद फिर्ता आएको हुँदा कार्वाहीको सिलसिलामा मिति २०८३/०३/१८ गतेमा मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा १०५ को उपदफा २२ बमोजिम प्रतिवादी नाउँको म्याद सरहको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गराई पेश गर्नु भनि भएको आदेश बमोजिम तपाई प्रतिवादीको नाउँमा यो म्याद सरहको ३०(तिस) दिने सूचना प्रकाशित गर्ने कार्य भएको छ । अतःप्रतिवादी हरिहरनाथ देवताको नाउँमा दर्ता कायम रहेको उल्लेखित तपसिल बमोजिमको कित्ता जग्गा बाँडफाँड गरि मोही लगत कट्टा गरि पाउँ भनि दावी बेहोराको नालिश दिएको हुँदा निज विपक्षी प्रतिवादी हरिहरनाथ देवताको पुजारी श्याम प्रसाद उपाध्याय रिमाल नाउँको यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३०( तिस) दिन भित्र आफ्नो लिखित जवाफ/प्रतिउत्तर लिई आफैं वा वारेश मुकरर गरी पठाई कानून बमोजिम हाजिर हुन आउनु होला म्याद भित्र नआएमा वा म्याद गुजारी बसेमा कानून बमोजिम उल्लेखित कित्ता जग्गा बाँडफाँड भई मोही लगत कट्टा हुनेछ। पछि कुनै उजुर बाजुर लाग्ने छैन भनि जानकारीका लागि ३०(तिस) दिने म्याद सरहको यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा सादर अनुरोध छ ।

तपसिल

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | जग्गा धनिको नाम, थर |
|---|---|---|---|---|---|---|
| १. | धनुषा | पटेर्वा | ९ख | ३९ | ०-५-२-० | हरिहरनाथ देवता |



## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय महेन्द्रनगर, धनुषाका, तपसिलमा उल्लेखित जमानतकर्तालाई जमानत दायित्व (ऋण कर्जा) चुक्ता गर्न आउने बारेको ९० दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०३/२५ गते बिहिबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिका)**

यस बैंकका तपशिलमा उल्लेखित ऋणीहरुले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त, कबुलियत उल्लघंन गर्नु भएको हुँदा कर्जा असुलीका लागि पटक पटक मौखिक तथा लिखित एवं यस अघिको विभिन्न मितिको राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा तहाँ जमानतकर्ताहरुलाई समेत कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्न सूचना प्रकाशित गरी तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा तहाँ जमानतकर्ताहरुले समेत कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्न चासो नदेखाई आलटाल गरी बसेको हुँदा बैंकले बाध्य भई ऋणीले कर्जा सुरक्षणको रुपमा बैंक समक्ष दिएको धितो सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री/धितो सकारको माध्यमबाट अंशिक कर्जा असुल उपर गरिएकोमा उक्त धितो सम्पत्तिबाट सम्पूर्ण कर्जा असुल उपर नभएको हुँदा नेपाल राष्ट्र बैंकबाट "क" "ख" "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन नं. १२/०८२, नं. ९ (४) बमोजिम तहाँ जमानतकर्ताहरुलाई जमानत दायित्व चुक्ता गर्न आउने बारे यो सूचना प्रकाशित गरिएकोछ । अतः यो सूचना प्रकाशित भएको मितिले ९० दिन भित्र बाँकी कर्जा सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न तपसिलमा उल्लेखित जमानतकर्तालाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधिभित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट नगर्नु भएको खण्डमा तपाईं जमानतकर्ताहरुलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने र जमानतकर्ताबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरासमेत यसै सूचना वमोजिम जानकारी गराउँदछौं । बैंकको उल्लेखित काम कारवाहीबाट तपाईं जमानतकर्ताहरुको आफ्नो व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण जमानत दायित्व (कर्जा) चुक्ता फछ्र्यौट गर्न वा गराउनु हुन अपेक्षा गरिएको छ ।

तपसिल

| ऋणी तथा जमानतकर्ताको विवरण : | |
|---|---|
| **१ ऋणी :** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/०२/०७ मा दर्ता नं. १८९८१८/७४/०७५ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग आन्तरिक राजस्व कार्यालय, जनकपुरबाट मिति २०७५/०२/०७ (मु.अ.कर दर्ता मिति २०७५/०२/०७) मा दर्ता भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नम्बर ६०६७०५६१३ को प्रमाणपत्र प्राप्त **जनज्योति ट्रेडिङ्ग एण्ड सप्लायर्स प्रा.लि.** (सञ्चालक : जिवछी चौधरी) । ठेगाना : जिल्ला धनुषा, मिथिला नगरपालीका वडा नं. ७, ढल्केवर । | **जमानतकर्ता : बिजय कुमार चौधरी** (ना.प्र.नं. २५६६२१७९, जारी मिति २०४५/०२/१६, प्रतिलिपि जारी मिति २०७४/०५/१६, जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा) । ठेगाना : जिल्ला धनुषा ढल्केवर गा.वि.स. वडा नं. ७, (हाल मिथिला न.पा. वडा नं. ६) । बाबु : अनुष्ठा चौधरी कलवार । बाजे : रघुनाथ चौधरी । |

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**



## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय चन्द्रपुर, रौतहटको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८३/०३/२५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई/बैंकबाट प्रवाह भएको कर्जा व्यवसायमा नलगाई अन्यत्र लगानी गरेको पाईएकोले/नविकरणका लागी आवश्यक कागजात नबुझाएको कारणले कर्जा नविकरण गर्न नसकिई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

रौतहट जिल्ला, समनपुर गा.वि.स. वडा नं. २ स्थित रजिष्टर्ड कार्यालय रही प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा मिति २०७३/०२/१० प्रा.फ.र.नं. ४४३१/३९१ तथा मिति २०७३/०२/१० मा आन्तरीक राजश्व कार्यालय सिमरा र करदाता सेवा कार्यालय गौरमा स्थायी लेखा नं. (PAN) ६०४१५९६०३ अन्तर्गत दर्ता कायम रहेको **साहिल फेन्सी स्टोर्स** ।
**प्रोप्राईटर : अजय कुमार साह**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. बतहु साहको नाति, जगरनाथ साहको छोरा, रौतहट जिल्ला, साविक समनपुर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गढिमाँई न.पा. वडा नं. १ बस्ने **अजय कुमार साह** (ना.प्र.नं. ३०२१, जारी मिति २०६३/०७/१९, जि.प्र.का. रौतहट) । | २. बतहु साहको नाति, जगरनाथ साहको छोरा, रौतहट जिल्ला, साविक समनपुर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गढिमाँई न.पा. वडा नं. १ बस्ने **बिजय कुमार साह बनिया** (ना.प्र.नं. ६९०३, जारी मिति २०५९/०२/१४, जि.प्र.का. रौतहट) । |
| ३. जगरनाथ साहको बुहारी, अजय कुमार साहको पत्नि, रौतहट जिल्ला, गढीमाँई न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गढीमाँई न.पा. वडा नं. १ बस्ने **गान्धी कुमारी साह** (ना.प्र.नं. ३२-०६-७६-०१५१२, जारी मिति २०७६/०५/३१, जि.प्र.का. रौतहट) । | ४. उधो साहको नाति, बतहु साहको छोरा, रौतहट जिल्ला, साविक समनपुर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गढिमाँई न.पा. वडा नं. १ बस्ने **जगरनाथ साह** (ना.प्र.नं. ८१८००१७६, जारी मिति २०४२/२/०१, जि.प्र.का. रौतहट) । |
| ५. बतहु साहको बुहारी, जगरनाथ साहको पत्नि, रौतहट जिल्ला, साविक समनपुर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गढिमाँई न.पा. वडा नं. १ बस्ने **रिता देवी** (ना.प्र.नं. ०३२३०८९/१२०६, जारी मिति २०६३/१२/१४, जि.प्र.का. रौतहट) । | ६. जगरनाथ साहको बुहारी, बिजय कुमार साह बनीयाको पत्नि, रौतहट जिल्ला, साविक समनपुर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गढिमाँई न.पा. वडा नं. १ बस्ने **उमेद कुमारी देबी** (ना.प्र.नं. ०३२३०८९/१२०७, जारी मिति २०६३/१२/१४, जि.प्र.का. रौतहट) । |

**धितोको विवरण**

१. जगरनाथ साह (ना.प्र.नं. ८१८००१७६, जारी मिति २०४२/२/०१, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, साविक समनपुर गा.वि.स./न.पा. वडा नं. २ हाल रौतहट जिल्ला, गढीमाँई न.पा वडा नं. १ स्थित कि.नं. ५२/१४३, ३७९ र ४९१ को क्षेत्रफल क्रमशः ०-०-१०, ०-५-१६१/२ र ०-०-२१/४ (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. साहिल फेन्सी स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

Siddhartha Bank
शाखा कार्यालय : चन्द्रपुर, रौतहट
फोन नं. ०५५-५४०६३०
Website : www.siddharthabank.com

## ९ लाख बढीको अवैध सामान बरामद



**टुडे समाचारदाता**

जनकपुरधाम । सशस्त्र प्रहरी धनुषाले निगरानी थप कडा बनाउँदै धनुषाका विभिन्न सीमा नाकामा भारतबाट भन्सार छली नेपालतर्फ ल्याइँदै गरिएका करिब ९ लाख ६८ हजार रुपैयाँभन्दा बढी मूल्यका अवैध सामान बरामद गरेको छ।

सशस्त्र प्रहरी बल नेपाल नं. ८ गण मुजेलिया धनुषाबाट परिचालित गस्ती टोलीले नियमित सीमा गस्तीका क्रममा लत्ताकपडा, किराना सामग्री, मोटरसाइकल तथा अटो रिक्सासहितका सामान नियन्त्रणमा लिएको जनाइएको छ।

ती सामान भारतबाट भन्सार प्रक्रिया पूरा नगरी नेपाल भित्र्याइँदै गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको सशस्त्र प्रहरीले जनाएको छ । गण नं. ८ का प्रमुख एसपी भीमबहादुर बिष्टका अनुसार बरामद गरिएका सामान तथा सवारी साधनको अनुमानित मूल्य ९ लाख ६८ हजार ३ सय रुपैयाँ रहेको छ।

बरामद भएका सामान आवश्यक कानुनी प्रक्रिया पूरा गरी सम्बन्धित भन्सार कार्यालयमा बुझाउने तयारी गरिएको प्रहरीले जनाएको छ । सीमा क्षेत्रमा हुने भन्सार छली तथा अवैध ओसार पसार नियन्त्रणका लागि नियमित गस्ती, निगरानी र चेकजाँचलाई थप प्रभावकारी बनाइएको सशस्त्र प्रहरीको भनाइ छ।

# जनताको आवाज उठाउंदा प्रहरीले पक्राउ गरे : नवेश

**टुडे समाचारदाता**

जनकपुरधाम । संघीय स्वास्थ्यमन्त्री निशा मेहताविरुद्ध सामाजिक सञ्जालमा टिप्पणी गरेको आरोपमा पक्राउ परेका धनुषाका हेल्थ असिस्टेन्ट नवेश अधिकारी रिहा भएका छन् ।

हेल्थ असिस्टेन्ट अधिकारीलाई धनुषा प्रहरीले नियन्त्रणमा लिएर सोधपुछ गरेपछि रिहा गरेको हो । रिहा भएपछि अधिकारीले सञ्चार माध्यमसँग कुरा गर्दै भने, जनताको लागि बोल्दा मेरो आवाज थुन्ने प्रयास गरिएको हो ।

उनले थप्दै भने 'म निरन्तर १० महिनादेखि स्वास्थ्यकर्मीको श्रम शोषणविरुद्ध आवाज उठाइरहेको थिएँ । आन्दोलन पनि गरेको थिएँ कात्तिक महिनामा । त्यतिखेरदेखि नै कन्टिन्यु मैले सोसल मिडियामा आवाज उठाइरहेको थिएँ।

त्यही आवाज उठाउँदै क्रममा म कन्टिन्यु टार्गेट श्रम मन्त्रालय र स्वास्थ्य मन्त्रालयको टार्गेट गरेर हामी आवाज उठाइरहेका थियौँ, पोस्ट गरिरहेका थियौँ, भिडियो हालिरहेका थियौँ ।

त्यसैको क्रममा हामीलाई हिजो राती ८ बजेतिर विना कारण पक्राउ पुर्जी दिएको



थियो । प्रहरीले पक्राउ गरेपछि नियन्त्रणमा लिएर सोध्दाखेरि त्यहाँ 'मन्त्रालयबाट निर्देशन छ रे नियन्त्रणमा लिन' भनेर भने त्यति नै हो ।'

अधिकारी मधेस प्रदेश स्वास्थ्यकर्मी संघर्ष समिति संयोजक हुन् । अधिकारी भन्छन्,'स्वास्थ्यकर्मी, नर्स, प्यारामेडिक्सहरूको श्रम शोषणविरुद्ध लडिरहेको थिएँ, आवाज उठाइरहेको थिए। त्यसको विरुद्धमा हामीलाई नियन्त्रणमा लिएको हो ।'

उनले भने, 'हामीले बोलाएका थियौँ, उहाँलाई सामान्य सोधपुछ गरेर रिहा गरिएको छ ।' आफू कार्यरत संस्थामा पनि अधिकारीले तलब र सुविधा वृद्धि गर्नुपर्ने माग उठाउँदै आएका थिए ।

धनुषा स्थित एक निजी स्वास्थ्य संस्थामा काम गर्दै आएका अधिकारीले स्वास्थ्यकर्मी सेवा सुविधा बढाउन माग गर्दै मन्त्रीको राजीनामा माग्दै सामाजिक सञ्जालमा पोस्ट गरेका थिए । अधिकारीले शनिवार स्वास्थ्यमन्त्री मेहताको तस्बिर रातो मसिले क्रस गर्दै 'माफिया मन्त्री' उल्लेख गरेर पोस्ट गरेका थिए ।

स्वास्थ्यकर्मी अधिकारीलाई सामान्य सोधपुछ गरेर रिहा गरिएको धनुषाका एसपी रुपेश खड्काले बताए । उनले आफूहरूलाई ब्युरोबाट 'उपस्थित गराउनू' भनेर पत्र आएपछि पक्राउ गरिएको बताए । तर फेरि ब्युरोले नै छाड्न भनेपछि रिहा गरिएको पनि उनले जनाएको छ ।

'साइबर ब्युरोले केही कुरा बुझ्नु पर्ने छ उपस्थित गराउनु भनेको थियो । सामाजिक सञ्जालमा लेखेको विषयमा भनिएको थियो । फेरि परेन भनेकाले हामीले फिर्ता पठाइदियौं,' उनले भने, 'के कारणले पछि परेन भनियो थाहा भएन ।'

यसैबिच अस्पतालहरूले गरेको श्रम शोषणविरुद्ध र पारिश्रमिक वृद्धि गर्न माग गर्दा मधेस प्रदेश स्वास्थ्यकर्मी सङ्घर्ष समितिका संयोजक अधिकारीलाई पक्राउ गरिएको घटनाप्रति चिकित्सा शिक्षा सङ्घर्ष अभियान केन्द्रीय समितिले आपत्ति जनाएको छ ।

अभियानले एक विज्ञप्ति जारी गर्दै स्वास्थ्यमन्त्री निशा मेहताको ठाडो आदेशमा अधिकारीलाई अस्पतालबाटै बिनापुर्जी पक्राउ गरिएको दाबी गरेका छन् । श्रम शोषणविरुद्ध आवाज उठाउने पीडित पक्षको जायज माग सम्बोधन गर्नुको साटो उल्टै धरपकड गरिनु खुल्लमखुल्ला राज्य आतंक रहेको अभियानले आरोप लगाएको छ ।

## जनमतका कोषाध्यक्ष पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम । जबर जस्ती करणी तथा ठगीको आरोपमा जनमत पार्टी सप्तरीका कोषाध्यक्ष नरेश अधिकारीलाई प्रहरीले पक्राउ गरेको छ। अधिकारीविरुद्ध परेको जाहेरीका आधारमा जिल्ला प्रहरी कार्यालय सप्तरीले पक्राउ गरी अनुसन्धान अघि बढाएको हो।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डीएसपी हेमराज घिमिरेका अनुसार अधिकारीविरुद्ध जबरजस्ती करणी र ठगीसम्बन्धी उजुरी दर्ता भएपछि उनलाई पक्राउ गरी अदालतबाट म्याद थप गरेर अनुसन्धान सुरु गरिएको छ।

प्रहरीका अनुसार सप्तरीको महादेवा गाउँपालिका-२ निवासी अधिकारी केही दिनदेखि फरार रहेका थिए। खोजतलासका क्रममा उनलाई मंगलबार दिउँसो महादेवापट्टी क्षेत्रबाट नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

## मलखाद्यमा निगरानी : अनुगमन गर्न निर्देशन

**टुडे समाचारदाता**

जलेश्वर । जिल्ला प्रशासन कार्यालय महोत्तरीले धान रोपाइँको मुख्य समयमा रासायनिक मलको सहज उपलब्धता सुनिश्चित गर्न जिल्लाका सबै स्थानीय तहलाई मलको मौज्दात, बिक्री-वितरण तथा मूल्यको अनुगमन गर्न निर्देशन दिएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी सञ्जय कुमार पोखरेलले एक पत्र जारी गरी स्थानीय तहहरूलाई आफ्नो क्षेत्रभित्र रहेका मल बिक्री केन्द्र र सहकारी संस्थाको स्थलगत अनुगमन गरी यथाशीघ्र प्रतिवेदन बुझाउन आग्रह गरिएको छ।

प्रशासनले किसानलाई आवश्यक पर्ने यूरिया, डिएपी, पोटासलगायत रासायनिक मलको आपूर्ति सहज बनाउन, कृत्रिम अभाव सिर्जना हुन नदिन तथा कालोबजारी नियन्त्रण गर्न अनुगमनलाई प्रभावकारी बनाउन निर्देशन दिएको जनाएको छ।

सो पत्र अनुसार स्थानीय तहले



मल बिक्री केन्द्रको नाम र ठेगाना, यूरिया, डिएपी र पोटासलगायत मलको मौज्दात अवस्था, बिक्री भइरहेको मूल्य तथा नेपाल सरकारले तोकेको मूल्य पालना भए/नभएको, कृत्रिम अभाव वा कालोबजारी भएको/नभएको लगायतका विषय समेटेर प्रतिवेदन पेश गर्नुपर्नेछ। साथै देखिएका समस्या र समाधानका सुझावसमेत प्रतिवेदनमा समावेश गर्न भनिएको छ।

जिल्ला प्रशासन कार्यालयले साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड जनकपुरधाम, ढल्केबर तथा कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरधामलाई पनि महोत्तरीका विक्रेतालाई बिक्री गरिएको मलको दैनिक विवरण उपलब्ध गराउन अनुरोध समेत पत्रमार्फत गरेको छ।

धान रोपाइँको समयमा मलको माग उच्च हुने भएकाले किसानले सहज रूपमा रासायनिक मल पाउने वातावरण बनाउन प्रशासनले अनुगमनलाई तीव्र बनाएको जनाएको छ । प्रशासनले सरकारी मूल्यभन्दा बढीमा बिक्री गर्ने, कृत्रिम अभाव सिर्जना गर्ने वा अनियमितता गर्ने जो-कोहीमाथि आवश्यक कानुनी कारबाही गरिने चेतावनी समेत दिएको छ।

## फार्मेसी कर्मचारीले गरे ३ करोडको भ्रष्टाचार

**टुडे समाचारदाता**

काठमाण्डू । औषधि आपूर्तिकर्तासँग साँठगाँठ गरी निजामती कर्मचारी अस्पताल (सिभिल अस्पताल), काठमाडौंको फार्मेसी शाखामा कार्यरत कर्मचारीहरूले करिब ३ करोड रुपैयाँ भ्रष्टाचार गरेको रहस्य खुलेको छ।

अस्पतालमा औषधि आपूर्ति नै नभई बिल बिजक सफ्टवेयरमा इन्ट्री गरेको, कम्प्युटरमा स्टक देखाए पनि यथार्थमा मौज्दात नरहेको तथा करोडौंका औषधि म्याद गुज्रेर स्टोर र भऱ्याङमा फालिएको उजुरीमाथि अनुसन्धान गर्दा भ्रष्टाचार भएको देखिएको हो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यस कार्यमा संलग्न अस्पतालका ८ जना जिम्मेवार कर्मचारीहरू विरुद्ध बुधबार विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरेको छ। मुद्दा दायर गरिएकाहरूमा अस्पतालका फार्मेसी युनिट इन्चार्जहरू दिनेश पन्त, दीपा ढुङ्गाना, लवेन्द्र कुँवर र दीपक




सापकोटा रहेका छन् ।

यसैगरी स्टोर किपरहरू विनोद पोखरेल, केशव राज न्यौपाने र शर्मिला श्रेष्ठ तथा फार्मेसी सहायक सन्दीप तिवारी विरुद्ध पनि आरोपपत्र दायर गरिएको छ। उनीहरूले आफ्नो पद तथा ओहदाको दुरुपयोग गरी सार्वजनिक सम्पत्तिको हिनामिना र हानिनोक्सानी पुऱ्याउने बदनियत राखेको अख्तियारको अनुसन्धानबाट खुलेको छ ।

अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२ को प्रावधान अनुसार प्रत्येक आर्थिक वर्षको अन्त्यमा फर्मासिस्टहरूले खरिद, बिक्री र बाँकी औषधिको सन्तुलन परीक्षण तयार गर्नुपर्ने व्यवस्था छ तर, यी कर्मचारीहरूले सो अनुसारको सन्तुलन परीक्षण तयार नगरेको महालेखा परीक्षकको आ.व. २०७७/७८ को लेखापरीक्षण प्रतिवेदनबाट समेत पुष्टि भएको छ।

आपूर्तिकर्ता फर्म र अस्पतालबिच भएको सम्झौता अनुसार ४ महिना मात्र म्याद भएका तथा बिक्री नभई म्याद गुज्रिएका औषधि प्रतिस्थापनका लागि तुरून्त फिर्ता गरी सोधभर्ना लिनुपर्ने जिम्मेवारी कार्यकारी निर्देशकले फार्मेसी युनिट इन्चार्जलाई दिएका थिए । तर, उनीहरूले औषधि फिर्ता नगरी सार्वजनिक संस्थाको सम्पत्तिमा क्षति पुऱ्याएको हो।

अख्तियारका प्रवक्ता सुरेश न्यौपानेका अनुसार सम्झौताको सर्त बमोजिम म्याद सकिएका औषधिको सोधभर्ना नगरेमा उक्त मूल्य बराबरको रकम सम्बन्धित फर्महरूको धरौटीबाट कट्टी गर्नुपर्ने हुन्थ्यो। आपूर्तिकर्ता फर्महरूले धरौटी फिर्ताका लागि निवेदन पेस गर्दा लेखा शाखाले फार्मेसी शाखासँग म्याद गुज्रेका औषधि रहे-नरहेको राय मागेको थियो।

सो क्रममा फार्मेसी शाखाका जिम्मेवार पदाधिकारी र कर्मचारीहरूले बदनियत राखी म्याद गुज्रेका औषधि हुँदाहुँदै 'नरहेको' भनी लिखित रूपमा झूटो जानकारी दिएका थिए। सोही झूटो विवरणका आधारमा फर्महरूको कट्टी हुनुपर्ने धरौटी रकम कट्टी नगरी फिर्ता दिइएको थियो।

अस्पतालको मेडिकल डिभिजन प्रमुखको नेतृत्वको समितिले गरेको विस्तृत विश्लेषण प्रतिवेदन अनुसार उनीहरूले जम्मा २ करोड ९१ लाख ३४ हजार ५४७ रुपैयाँ ३७ पैसा बराबरको सार्वजनिक सम्पत्ति हानिनोक्सानी पुऱ्याएको देखिएको छ। सोही बिगो बमोजिमको सजाय र जरिवानाको मागदाबीसहित अख्तियारले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको बताइएको छ।

## सूर्तिजन्य पदार्थ बिक्रीवितरण नियन्त्रणमा कडाई



**टुडे समाचारदाता**

जलेश्वर। सूर्तिजन्य पदार्थको गैरकानुनी बिक्री वितरण तथा उपभोग नियन्त्रण गर्न महोत्तरी जिल्ला प्रशासन कार्यालयले कडाइ गर्ने भएको छ।

बालबालिका, किशोरकिशोरी, विद्यार्थी तथा गर्भवती महिलामा सूर्तिजन्य पदार्थको बढ्दो प्रयोगप्रति चिन्ता व्यक्त गर्दै प्रशासनले कानुनी व्यवस्था कडाइका साथ लागू गर्ने जनाएको छ।

प्रमुख जिल्ला अधिकारीको कार्यालयबाट जारी सूचना अनुसार १८ वर्षभन्दा कम उमेरका व्यक्ति तथा गर्भवती महिलालाई कुनै पनि प्रकारका सूर्तिजन्य पदार्थ बिक्री, वितरण वा निःशुल्क उपलब्ध गराउन पूर्ण रूपमा प्रतिबन्ध लगाइएको छ । यस्तो कार्य गरेमा कानुनअनुसार कारबाही गरिने प्रशासनले चेतावनी दिएका छन् ।

त्यसैगरी, विद्यालय, कलेज, अस्पताल, स्वास्थ्य संस्था, बालकल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय तथा नेपाल सरकारले तोकेका सार्वजनिक स्थलबाट कम्तीमा १०० मिटरको दूरीभित्र रहेका पसल वा व्यवसायबाट सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न नपाइने समेत भनेको छ। जिल्ला प्रशासन कार्यालयले सूर्तिजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन, २०६८ विपरीत गतिविधि गरेको पाइएमा ऐनको दफा १७ बमोजिम कडा कानुनी कारबाही तथा दण्ड सजाय हुने जनाएको छ।

प्रशासनले महोत्तरीका सबै स्थानीय तह, प्रहरी, उद्योगी व्यवसायी, नागरिक समाज तथा सर्वसाधारणलाई कानुनी व्यवस्थाको पूर्ण पालना गर्न आग्रह गरेको छ। साथै, सूर्तिजन्य पदार्थ नियन्त्रण अभियानलाई प्रभावकारी बनाउन नियमित अनुगमन तथा निरीक्षणसमेत गरिने प्रशासनले जनाएको छ।

जिल्ला प्रशासन कार्यालयले जनस्वास्थ्यमा गम्भीर असर पार्ने चुरोट, बिँडी, खैनी, गुट्खा, सिगार लगायतका सूर्तिजन्य पदार्थको अनियन्त्रित बिक्री र प्रयोग रोक्न सबै पक्षको सहकार्य आवश्यक रहेको जनाएको छ।

## बंगलादेशी नागरिक पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज। नेपालबाट भारत प्रवेश गरिरहेका एक बंगलादेशी नागरिकलाई भारतीय सशस्त्र सीमा बल (एसएसबी) ले पक्राउ गरेको छ। अवैध रूपमा भारत-नेपाल सीमा क्षेत्रअन्तर्गत रक्सौलस्थित इन्डो-नेपाल मैत्री पुलबाट नेपाल प्रवेश गर्न खोजिरहेको बेला उनलाई भारतीय सशस्त्र सीमा बल (एसएसबी) ले पक्राउ गरेको हो।

मंगलबार राति नियमित गस्ती तथा सघन कागजात जाँचका क्रममा शंकास्पद गतिविधि देखिएपछि एसएसबीले ती व्यक्तिलाई नियन्त्रणमा लिएको हो। जाँचका क्रममा उनीसँग बंगलादेशको राहदानी (पासपोर्ट) फेला परेपछि उनी बंगलादेशी नागरिक भएको पुष्टि भएको भारतीय सुरक्षा स्रोतले जनाएको छ।

भारतीय सञ्चारमाध्यमका अनुसार पक्राउ पर्ने व्यक्ति २७ वर्षीय एमडी शियाम हुसेन हुन्। उनी बंगलादेशको मुन्सीगञ्ज जिल्लाका निवासी रहेको बताइएको छ । उनीसँग रहेको पासपोर्ट सन् २०२० डिसेम्बर ८ मा ढाकाबाट जारी भएको र यसको म्याद सन् २०३० डिसेम्बर ७ सम्म कायम रहेको जनाइएको छ।

एसएसबीका अनुसार



प्रारम्भिक सोधपुछका क्रममा उनले आफ्नो वास्तविक परिचय लुकाउने प्रयास गर्दै हिन्दु नाम प्रयोग गरेको खुलेको छ। साथै, भारतमा प्रवेशका लागि आवश्यक भिसा वा अन्य वैध कागजात उनीसँग नभएको सुरक्षा निकायले जनाएको छ।

प्रारम्भिक अनुसन्धानमा उनी यसअघि पनि भारत-नेपाल सीमा क्षेत्रमा आवतजावत गरेको हुन सक्ने आशंका गरिएको भए पनि त्यसको आधिकारिक पुष्टि भने भइसकेको छैन। सुरक्षा निकायले उनको मोबाइल फोन, यात्रा मार्ग, नेपालमा सम्भावित बसाइ, भारतमा रहेका सम्पर्क तथा नेपाल प्रवेशको उद्देश्यबारे विस्तृत अनुसन्धान गरिरहेको जनाएको छ।

आवश्यक कानुनी प्रक्रिया पूरा गरेपछि एसएसबीले उनलाई हरैया थाना प्रहरीको जिम्मा लगाएको छ। प्रहरीले उनी वैध अनुमति बिना भारतमा कसरी बसिरहेका थिए, नेपाल प्रवेशको उद्देश्य के थियो तथा यस घटनामा कुनै संगठित नेटवर्कको संलग्नता छ वा छैन भन्ने विषयमा अनुसन्धान अघि बढाएको जनाएको छ।

हरैया थाना प्रमुख किशन कुमारले पक्राउ परेका व्यक्तिमाथि गहन सोधपुछ तथा आवश्यक कानुनी प्रक्रिया जारी रहेको जनाएको छ। हालका दिनहरूमा भारत-नेपाल सीमाबाट हुने अवैध प्रवेशका घटनामा वृद्धि हुन थालेपछि एसएसबीले सीमा क्षेत्रमा निगरानी, गस्ती तथा कागजात जाँचलाई थप कडाइ गरिएको छ।

## प्रयोगशाला बन्दमा पनि कर्मचारीले भत्ता बुझे

**टुडे समाचारदाता**

वीरगञ्ज । करिब एक वर्षदेखि पर्साको पोखरिया नगरपालिकास्थितप्रादेशिकअस्पतालमा एक्स-रे मेसिन र प्रयोगशाला (ल्याब) सेवा बन्द रहेको छ । तर सो बन्दकै अवस्थामा त्यहाँ कार्यरत केही कर्मचारीले जोखिम भत्ता बुझेको तथ्य सार्वजनिक भएको छ।

स्रोतका अनुसार अस्पतालको एक्स-रे र ल्याबमा कार्यरत राज कुशवाहा, राजु मण्डल, दिपक चौर सिया र सेराजुल अंसारीले जनही ८० हजार रुपैयाँका दरले जोखिम भत्ता बुझेका छन् । अस्पतालमा एक्स-रे र ल्याब सेवा सञ्चालनमै नरहेको अवस्थामा जोखिम भत्ता वितरण गरिएको हो।

भत्ता बुझ्ने कर्मचारीहरुले आर्थिक अनियमितता र सार्वजनिक स्रोतको दुरुपयोग गरेको भन्ने आरोप स्थानीयस्तरमा लाग्न थालेको छ । सेवा सञ्चालन नभएको अवस्थामा जोखिम भत्ता उपलब्ध गराइनु प्रचलित व्यवस्थाविपरीत भएको दाबी गर्दै सरोकारवालाले घटनाको निष्पक्ष छानबिनको माग गरेका छन् ।

कार्यालय स्रोतका अनुसार कार्यालय प्रमुख र लेखा शाखाका जिम्मेवार अधिकारीको




मिलेमतोमा कर्मचारीलाई उक्त भत्ता उपलब्ध गराइएको आशंका गरिएको छ। लामो समयदेखि सेवा बन्द रहे पनि जोखिम भत्ता वितरण गरिनुले अनियमितताको आशंका बढाएको स्थानीयको भनाइ छ।

स्थानीयवासी तथा सरोकारवालाले जोखिम भत्ता वितरणको आधार, रकम प्राप्त गर्ने कर्मचारीको विवरण र भुक्तानी प्रक्रियालाई सार्वजनिक गर्न माग गरेका छन्। साथै घटनाको निष्पक्ष छानबिन गरी दोषी देखिएकामाथि कानुनअनुसार कारबाही गर्न आग्रह गरेका छन् ।

सो विषयमा एक्स-रे विभागमा कार्यरत कर्मचारी राजु मण्डलले आफूहरूले जोखिम भत्ता बुझेको स्वीकार गरेका छन्। उनले एक्स-रे सेवा चैत महिनाको अन्तिम सातादेखि मात्र बन्द भएको दाबी गरेका छन् । मण्डलका अनुसार एक्स-रे मेसिन पूर्ण रूपमा बिग्रिएको नभई फिल्टर बिग्रिएका कारण सेवा प्रभावित भएको हो ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८